मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ४ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ मंसीर ४ गते बुधवार (Wednesday, November 20. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

हाम्रो चाहना
लागूऔषधरहीत,
स्वस्थ र सुखी
जीवनको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## झापामा १७ करोडको परियोजना शुरु

# फोहोरबाट अब घर–घरमा ग्यास

**सुरेन्द्र भण्डारी/नरेन्द्र ढकाल**

**बिर्तामोड, मंसीर ३।** फोहोरमैला व्यवस्थापन अहिले शहरी क्षेत्रको प्रमुख समस्या भएको छ। बढ्दो शहरीकरणका कारण झापासहित अहिले देशभर नै फोहोरमैला व्यवस्थापन गर्न चुनौति छ।

तर, झापाको बिर्तामोड, अर्जुनधारा र कनकाई नगरपालिकाको फोहोर मैला व्यवस्थापनका लागि विश्व बैंकको सहयोगमा कनकाई नगरपालिका-२मा नमूना परियोजना शुरु भएको छ।

विश्व बैंकको पाँच करोड ४६ लाख दुई सय ४६ रुपैयाँको अनुदानसहित १७ करोड ५० लाख रुपैयाँको लागतमा कनकाई-बिर्ता-अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लिमिटेडले फोहोरमैला व्यवस्थापनका लागि परियोजना शुरु गरेको हो। परियोजनाको काम २०७७ साउन ७ गतेभित्र सम्पन्न गर्ने गरी काम थालिएको र अहिले 'डाइजेस्टर' निर्माणको काम भइरहेको परियोजनाका अध्यक्ष मिनाल तिम्सिनाले जानकारी दिए।

बिर्तामोड, अर्जुनधारा र कनकाई नगरपालिकाको फोहोर व्यवस्थापनका लागि दीर्घकालीन सोचका साथ वैकल्पिक ऊर्जा परियोजना केन्द्रको सहयोगमा ऊर्जा मन्त्रालयमार्फत फोहोरमैला व्यवस्थापनसहित नौ सय घर परिवारलाई पाइपलाइनबाट ग्यास समेत बितरण गर्ने गरी काम अघि बढाइएको कम्पनीका सदस्य राजकुमार कट्टेलले जानकारी दिए। उनका अनुसार परियोजना सञ्चालनपछि फोहोरबाट बायोग्यास उत्पादन गर्ने र नगरलाई पाइपलाइनमार्फत ग्यास



वितरण गर्दै सहज रुपमा ग्यास उपलब्ध गराउने छ।

कम्पनीका सञ्चालक मदनगोपाल सुब्बाका अनुसार परियोजना सञ्चालनपछि दैनिक ३५देखि ४० टनसम्म फोहोर खपत हुने र नगरलाई सफा राख्न यसले मद्दत पुऱ्याउने भएको छ। बिर्तामोड, अर्जुनधारा र कनकाई नगरपालिकाको सहकार्यमा परियोजनाको काम अघि बढेको भन्दै सुब्बाले भने- 'परियोजना सञ्चालनपछि फोहोरलाई मोहरमा बदल्न सकिन्छ।'

कम्पनीले ५७ कट्ठा जमिन खरिद गरी सन्काहा खोलाको तटीय क्षेत्रमा अहिले परियोजनाको काम अघि बढाएको छ। फोहोर व्यवस्थापन अहिलेको प्रमुख आवश्यकता हो- सुब्बा भन्छन्- बिर्तामोडसहित तीनवटा नगरको फोहोर यसअघि पनि व्यवस्थापनका लागि पहल भएको थियो तर, जमिन अभावमा काम अगाडि बढ्न सकेको थिएन।'

भुटानी शरणार्थी तेस्रो देश पुनर्स्थापना भएपछि अर्जुनधारा नगरपालिकाको भुटानी शरणार्थी शिविरको खाली जमिनमा फोहोर व्यवस्थापनको तयारी गरिए पनि स्थानीयको बिरोधपछि लामो समयदेखि अर्जुनधारा, बिर्तामोड र कनकाईको फोहोरमैला व्यवस्थापनमा समस्या थियो- सुब्बाले भने- परियोजना सञ्चालनको काम सकिएलगत्तै नगरबाट निस्कने फोहोरले मात्रै नपुग्ने भएपछि खर, मकैका ढोडको पनि व्यवस्थापन गर्नुपर्ने हुन्छ। अहिले बिर्तामोड, अर्जुनधारा र कनकाई नगरपालिकाबाट १५देखि १७ टनसम्म फोहोर निस्कने गरेको सुब्बाको भनाइ छ।

ऊर्जा मन्त्रालयमार्फत वर्ल्ड बैंकले अहिले परियोजनाको काम सुचारु गर्न दुई करोड १८ लाख २ सय ६४ रुपैयाँ सहयोग गरेको सुब्बाको भनाइ छ। वर्ल्ड बैंकले रकम प्रदान गरेसँगै उपकरण खरिदका लागि भारतीय कम्पनीसंग सम्झौता गरिएको र सामान खरिदका लागि पाँच करोडभन्दा बढी खर्च लाग्ने बताइएको छ।

कम्पनीका अध्यक्ष तिम्सिनाले फोहोरमुक्त नगर राख्न थालिएको कामलाई सबैले साथ दिएको बताउँदै ६ सय जनाले शेयर लिइसकेको जानकारी दिए। उनले शेयर बापत कम्पनीमा एक करोड १३ लाख ४ सय ११ रुपैयाँ समेत जम्मा भएको र मंसीर महिनाभरि संस्थापक शेयर सदस्यका लागि आवेदन खुल्ला गरिएको बताए। उनले मंसीर

(बाँकी अन्तिम पृष्ठमा)

## पूर्वमा ग्यास अभाव

**पार्थ मण्डल**

**भद्रपुर, मंसीर ३।** झापासहित पूर्वका चार जिल्लामा एलपी ग्यास अभाव भएको छ।

भारतबाट नेपाल भित्रिने एलपी ग्यासका ट्याकंर पर्याप्त मात्रामा आउन छाडेपछि झापा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लामा ग्यास अभाव भएको हो। बजारमा एलपी ग्यासको अभाव भएपछि उपभोक्ता समस्यामा परेका छन्।

झापामा चारवटा ग्यास उद्योग छन्। झापाबाहेक मोरङबाट पनि जिल्लाका बजारमा ग्यास सिलिन्डर भित्रिन्छ। तर, भारतको पश्चिम बंगालस्थित कलकत्ताको ग्यास प्लान्टले केही दिनदेखि नेपाल आउने ट्यांकरलाई ग्यास भर्न नदिँदा बजारमा एलपी ग्यासको अभाव भएको बताइएको छ।

झापाका ग्यास उद्योगमा कलकत्ताको हल्दिया, बरौनी र पारदीप भन्ने ठाउँबाट टयांकरमा लोड गरी एलपी ग्यास काँकरभिट्टा नाका हुँदै जिल्ला भित्र्याउने गरेको नेपाल एलपी ग्यास संघका सल्लाहकार आदित्य पराजुलीले जानकारी दिए। त्रिशक्ति ग्यास उद्योग भद्रपुरका प्रबन्ध निर्देशक समेत रहेका पराजुलीले भने- 'मेरो उद्योगमा हल्दिया र पारदीप ग्यास प्लान्टबाट ग्यास आउँछ, दुवै प्लान्टमा सरसफाईको काम चलेको हुँदा १० दिनदेखि ग्यास आएको छैन।'

आज चारवटा ट्याकर आउँदैछ, तर जुन परिमाण उद्योगलाई चाहिने हो, त्यस अनुसारको ग्यास भित्रिन सकेको छैन, जसले गर्दा बजारमा ग्यास अभाव भएको हो- उनले भने। 'उद्योगलाई महिनामा कम्तीमा २२देखि २६ वटा ट्यांकर चाहिन्छ'- त्रिशक्ति ग्यासका व्यवस्थापक अर्जुन कर्णले भने- 'चाहिने परिमाण आएको छैन, अक्टोबरमा १५ वटा ट्यांकर आएको थियो, सेप्टेम्बरको १८ तारिखसम्ममा ९ वटा मात्र ट्यांकर आएको छ।'

'ग्यास अभावका कारण डिलरलाई चाहिने सिलिन्डर पठाउन नसक्दा उपभोक्तालाई समस्या भएकै हो, उद्योगमा दुई वटा बुलेट छ, ५०-५० मेट्रिक टनको अहिले दुवै खाली छ'- उनले भने- 'अबको १५ दिनसम्म

(बाँकी अन्तिम पृष्ठमा)

## गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षलाई नै उजुरी

**गौरीगञ्ज, मंसीर ३।** गौरीगञ्ज गाउँपालिकामा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग रहने सेवा इकाइका लागि सूचीकृत फिल्ड सहायक कर्मचारीको लागि लिइएको अन्तरवार्ता ऐन नियम विपरीत भएको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोग काठमाडौंमा उजुरी परेको छ।

सिप परीक्षण तथा अन्तरवार्ता लिँदा ऐन नियम मिची मनोमानी ढंगबाट लिएको भन्दै सूचीकृत फिल्ड सहायक पदका उम्मेदवार जितेश यादवले सोमबार गाउँपालिका अध्यक्ष बाबुराजा श्रेष्ठ र उपाध्यक्ष दिपीन्द्र थापाबिरुद्ध अख्तियारमा उजुरी दिएका हुन्। उनले राष्ट्रिय अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभाग र जिल्ला प्रशासन कार्यालय झापामा समेत बोधार्थ दिएका छन्।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सेवा इकाइको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड २०७६ को अन्तर्वाता समिति (१) दफा (८) बमोजिम प्रमुख प्रशासकीय अधिकृत संयोजक, जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत प्रतिनिधि सदस्य र सम्बन्धित स्थानीय तहको सूचना प्रविधि अधिकृत वा संयोजकले तोकेको प्रविधि सम्बन्धी दक्षता भएको व्यक्ति सदस्य रहने व्यवस्था छ। तर, त्यस विपरीत गाउँपालिका अध्यक्ष श्रेष्ठ र उपाध्यक्ष थापा समेत अन्तरवार्ता लिएको समयमा कोठामा पसेको र उपाध्यक्ष थापाले प्रश्न समेत सोधेको उजुरी पत्रमा यादवले आरोप लगाएका छन्। गाउँपालिकाले मिति २०७६ कात्तिक १७ गते अन्तरवार्ताका लागि सूचना जारी गरे पनि २०७६ कात्तिक २६ गते अर्को सूचना प्रकाशित गरी परीक्षाको समय परिवर्तन गरिएको यादवले बताए।

यसैबीच गाउँपालिका अध्यक्ष श्रेष्ठले आफूहरूले सूचीकृत फिल्ड सहायकको अन्तरवार्ता निष्पक्ष रूपमा लिन लगाएको बताएका छन्। अन्तरवार्ताका समयमा आफू अनुगमनका क्रममा मात्र गएको तर परीक्षा प्रभावित हुने खालको कुनै कार्य नगरेको अध्यक्ष श्रेष्ठले बताए।

त्यस्तै उपाध्यक्ष थापाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सेवा इकाइको मापदण्ड अनुरूप नै परीक्षा लिएको बताएका छन्। अन्तरवार्ता, निष्पक्ष

(बाँकी अन्तिम पृष्ठमा)

## सन्थाल समुदायका लागि नमूना बस्ती

**झापा, मंसीर ३।** झापाको भारतीय सीमासँग जोडिएको पुरानो सदरमुकाम झापा गाउँपालिकाका सन्थाल समुदायलाई लक्षित गरी नमूना बस्ती निर्माण गरिएको छ। तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत सन्थालका लागि २० वटा घरको सामुहिक बस्ती निर्माण गरिएको हो।

गाउँपालिकाको वडा नं. १, २ र ५मा बाक्लो बस्ती रहेका दैनिक ज्यालादारी गरेर गुजारा गर्ने विपन्न सन्थालहरुको लागि बनाइएको नमूना बस्तीले उनीहरुलाई राहत भएको छ। बर्षात्मा भेलबाढी र पानी पर्दा रात कटाउन समस्या हुने भएकोले नमूना बस्तीले धेरै सहज भएको स्थानीय फूलमुनि सन्थालले बताइन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत तराई मधेश समृद्धि कार्यक्रमको ९२ लाख रुपैयाँको बजेटमा निर्माण गरिएको बस्तीमा गाउँपालिकाको वडा नं. २का अतिविपन्न सन्थाललाई चाँडै स्थानान्तरण गरिने सो वडाका अध्यक्ष नेत्रबहादुर खड्काले बताए।

हालसम्म झापा जिल्लामा एक हजारमध्ये जनता आवास कार्यक्रम अन्तर्गत ४ सय घर निर्माण भइसकेको सघन शहरी तथा भवन निर्माण आयोजना झापाले जनाएको छ। निर्माणाधीन घरमा बस्न पाएका विपन्न दलित, सीमान्तकृत, लोपोन्मुख समुदायहरु खुशी भएका छन्।

सस्तोमा भिट्टा बिक्रीमा

बिर्तामोड–१, बाल्मीकि उत्तर, दुर्गा पाञ्चायन मन्दिरसँगै रहेको पूर्व मुख भएको १२ धुर आकर्षक भिटा विक्रीमा छ। इच्छुकले तु–सम्पर्क गर्नुहोला।

सम्पर्क: ९८१४९३५८०२, ९८४२६२५१८७

सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना

डा. जितेन्द्र मण्डल
MS (AY) IMS, BHU, Selsi (India)
Consultant Surgeon of proctologist, Specialist No. 5

यही मिति २०७६ साल मंसीर ६ र ७ गते पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ। दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता विरामीले यथाशीध्र तलको ठेगानामा सम्पर्क राख्नुहोला।

नोटः फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ।

सम्पर्कः सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा
फोन नं. ०२३–५४१३११, ९८५२६८८९८६

पशुपति RMC को उत्पादन अव तपाई हाम्रो शहरमा

के तपाई घर तथा कुनै भौतिक संरचना निर्माण गर्दै हुनुहुन्छ ? घर तथा भौतिक संरचना निर्माणका लागि आवश्यक सिमेन्ट, बालुवा, गिटी खरिद गर्ने झन्झटबाट मुक्त हुनुहोस्। तपाई हाम्रो शहर बिर्तामोडमा अत्याधुनिक प्रविधिबाट तयार गरिएको गुणस्तरीय ढलान सामाग्री RMC उत्पादन तथा बिक्री वितरण भइरहेकोले उच्चस्तरीय निर्माणका लागि सँधै हामीलाई सम्झनुहोस्।




भौतिक संरचना निर्माणका लागि आवश्यक सिमेन्ट, बालुवा, गिटी खरिद गर्ने झन्झटबाट मुक्त हुनुहोस्।

सम्पर्क : ९८६६७७५०६०, ९८०१४१८७१३, ९८०१४१८७१४

पशुपति RMC बिर्तामोड-२, रामचोक, (झापा)

नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. बिर्तामोड– ४ झापाको २३औं वार्षिक साधारण सभा निम्न मिति र स्थानमा गरिने भएकाले संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछौं।

**साधारण सभा हुने**
स्थान : पाथीभरा सिनेप्लाजाको सभा हल।
समय : बिहान १०:०० बजे।
मिति : २०७६ साल मंसीर १५ गते आइतबार।

साथै यस संस्थामा आवद्ध रहनु भएका शेयर सदस्यका छोराछोरीमध्ये यसै शैक्षिक सत्रको SEE परीक्षामा सबैभन्दा उच्च अंक ल्याउने छात्र १ जना र छात्रा १ जनालाई सम्मान प्रदान गरिने जानकारी गराउँदै सूचना प्रकाशित भएको मितिबाट सात दिनभित्रमा आफ्नो लाब्धांक प्रमाण–पत्रसहित कार्यालयमा सम्पर्क गर्न हुन समेत जानकारी गराउँदछौं।

पुनश्च : कारण बस पत्रमा प्राप्त नभएमा यसै सूचनालाई आधारमानी उपस्थिति जनाइदिन हुन समेत अनुरोध गर्दछौं। साधारणसभामा उपस्थित हुँदा यस संस्थाद्वारा प्रदान गरिएको शेयर सदस्यता परिचय पत्र अनिवार्य लिएर आउनुपर्ने सदस्यहरुलाई जानकारी गराइन्छ।

**कार्यालय सम्पर्क नं : ०२३–५४०७३४**

**लीलाबहादुर बस्नेत : अध्यक्ष**

**श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.**, बिर्तामोड–४, झापा

VACANCY ANNOUNCEMENT

**Balmiki Education Foundation** a reputed school of Eastern Nepal is looking forward to appoint teachers for the following subject/post.

| S.N. | Post | Nos. | Qualification | Experience |
|---|---|---|---|---|
| 1. | Primary Incharge | 01 | Masters/ Bachelor | 5 yrs |
| 2. | Class Two (Grade) | 01 | Bachelors | 3 yrs |
| 3. | Pre-Primary (Grade) | 01 | Bachelors | 3 yrs |
| 4. | Foreign Language (French) | 01 | Basic | |
| 5. | ABACUS | 01 | Basic | |
| 6. | Activity (Pre-primary) | 01 | Active and Should be able to teach Rhymes, Conversation etc. | |

Applicants must have a pleasant personality and be ready to upgrade and update according to the need of the school. Command in spoken and written English is a must. If you want to build your career in the Education field than please come along with your CV and meet us in Balmiki school during school hours within **5th of Mangsir.**

**Balmiki Education Foundation**
Birtamode-1, Jhapa (023-542820/ 9804952506)



**स्थानीय उत्पादन सिधा उपभोक्ताको हातमा**

**मोरङको पथरी बजारमा स्थानिय उत्पादन साग सब्जी फलफूल सार्वजनिक यातायातका यात्रीलाई बिक्री गर्न तल्लिन कृषकहरु । यस ठाउामा दैनिक २० भन्दा धेरैले यसरी सुलभ मुल्यमा व्यापार गर्ने गर्छन ।**
**तस्वीर : विनोद पाण्डे कमल/पूर्वाञ्चल**

सताक्षीधाममा धार्मिक महोत्सव

# ७५ लाखभन्दा नगद दान

**विनोद सापकोटा**

**झापा, मंसीर ३ ।** झापाको सताक्षीधाममा सञ्चालन भइरहेको सताक्षीधाम धार्मिक महोत्सवको मंगलबार छैटौं दिन सम्ममा ७५ लाखभन्दा बढी नगद संकलन भएको छ ।

महोत्सव मूल आयोजक समारोह समितिका सदस्य सचिव डिल्ली नेपालका अनुसार हालसम्म ७५ लाख २ हजार ७ सय ३१ रुपैयाँ संकलन भएको छ । धान्याञ्चल (धान) कम्तीमा ४० क्वीन्टल र ताण्डुलाचल (चामल) ३५ क्वीन्टल संकलन भएको आयोजक समितिले जनाएको छ ।

कात्तिक २७ देखि मंसीर ९ गतेसम्म सञ्चालन हुने सताक्षीधाम धार्मिक महोत्सव तथा १०८ कुण्डीय श्री गोपाल महायज्ञ कोटीहोममा अपेक्षाकृत भेटी संकलन भएको आयोजक समितिले जनाएको छ । महोत्सवमा श्रीमद् देवी भागवत कथा महोत्सव पनि सञ्चालन भइरहेको छ । १३ दिवसीय १०८ कुण्डीय कोटीहोम पूर्वमा हालसम्मकै ठूलो धार्मिक कार्यक्रम भएको तीर्थयात्रीले बताएका छन् ।

१ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राईले उद्घाटन गरेको कार्यक्रममा हालसम्म नेपालका ५१ जिल्लाका तीर्थयात्री सहभागी भएका छन् । आयोजक समितिको सूचना डेक्सका अनुसार नेपालका हालसम्म करिब ५ लाखले सहभागिता जनाएका छन् । यस्तै भारत, भुटान, स्कटलेण्ड, सिंगापुर, अमेरिका, वंगलादेश लगायत मुलुकका हालसम्म १२ हजार हिन्दू धर्मका अनुयायीले सहभागिता जनाएका छन् ।

सताक्षीधाम परिसरमा देखिएका उर्लावारी-७ मोरङको सिद्धीबिनायक गणेश मन्दिरका अध्यक्ष महेन्द्र थापाले



भने-'सताक्षीधामलाई सन्त निवासको रुपमा परिणत गर्न स्थानीय तहले योजना बनाउनुपर्छ ।' ५ वर्षअघि सताक्षीधाम आउँदाको पीडा १०८ कोटीहोमले भुलाइदिएको उनले बताए ।

संखुवासभाबाट मनोकांक्षा पूरा गर्न पहिलोपटक सताक्षीधाम आएकी सामापोखरी-३की हर्कमाया वाह्रकोटीले तोला दान गर्दै भनिन्- 'सताक्षीमाताले जीवनका सवै रोग हरण गरुन् ।' सताक्षीधाम आउने यसअघि पनि ठूलो इच्छा थियो - उनले भनिन्- सताक्षीले यसैबेला बोलाएर मेरो मनोकांक्षा पूरा गर्नुभयो ।'

सताक्षीको पूर्वाधार थपिएकोमा धरमपुर झापाका रामेश्वर चौधरीले खुशी व्यक्त गरे । उनले भने- 'सताक्षीधाममा सन्तको आवगमन भएपछि लोभ, मोह, र इर्ष्या हटेर गयो, वर्षेनि देवालय थपिँदै गएका छन् ।' ०७१ सालमा सताक्षीधाममा आचार्य नन्दकिशोर भारद्वाजले २ वटा गाई वृन्दावनबाट ल्याएर गौशालाको स्थापना गरेका थिए । सो गौशालामा यतिवेला ३०५ वटा गाई छन् ।

गौशालाले नेपालबाट भारत निकासीका लागि लैजाँदै गरेका, सडकका असहाय र अपाङ्ग गाईको संरक्षण गर्ने गरेको छ । अघिल्ला बर्षहरुमा पनि सताक्षीधाममा धार्मिक अनुष्ठान हुने गरेका थिए । यो वर्ष झापाका १५ वटै स्थानीय तह कोटीहोम मूल आयोजक समारोह समितिको सदस्य बनेपछि महोत्सव वृहत् बनेको हो । महोत्सवमा १ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राई, कानूनमन्त्री हिक्मत कार्की, प्रतिनिधिसभा सदस्य एलपी साँवा लिम्वू, राजेन्द्र लिङ्देन, प्रदेश सांसद झलकबहादुर दर्लामी मगर लगायतको सहभागिता भइसकेको छ । मन्त्री लगायतका सांसदले सताक्षीधाममा बाटो, खानेपानी, सञ्चार, सुरक्षा लगायतका विषयमा आ-आफ्नो ठाँउबाट सहयोग गर्ने बताएका छन् ।

यता झापा निर्वाचन क्षेत्र नम्बर ३का संघीय सांसद राजेन्द्र लिङ्देनले भ्रष्टाचार गर्नेहरुलाई तह लगाउन सक्ने शक्ति आफूलाई प्रदान गरिदिन सताक्षीमातासँग बरदान मागे । उनले भने- 'राजनीति गर्नेले भ्रष्टाचार गरेकै कारण आफूलाई राजनीतिक व्यक्ति भन्न लाज हुन्छ ।' नेता कार्यकर्ताकै ११/१२ कक्षा अध्ययन गर्ने छोराछोरीले पनि आफ्ना अभिभावक राजनीतिककर्मी हो भन्न हिच्किचाउने गरेको उनले बताए । 'मैले अहिलेसम्म १ रुपैयाँ भ्रष्टाचार गरेको छैन, अब पनि नगर्ने शक्ति मिलोस् र भ्रष्टाचार गर्नेलाई तह लगाउने शक्ति मिलोस्'- उनले भने ।

सताक्षीधाम धार्मिक महोत्सवमा खेल तमासा पनि शुरु भएको छ । तीन करोड खर्चको अनुमान गरेको आयोजक समितिले ५ करोड भेटी संकलन गर्ने लक्ष्य राखेको छ । कोटीहोमबाट संकलन भएको भेटीले सताक्षीधाम क्षेत्रको पूर्वाधार निर्माण हुने शिवताक्षी नगरकी उपमेयर भोजकुमारी नेपालले बताइन् ।

# कालिकापीठमा १६औं अनुष्ठान हुँदै

**अर्जुनधारा, मंसीर ३ ।** अर्जुनधारा नगरपालिका-९स्थित कालिकापीठको १६औं बार्षिक अनुष्ठानको अवसर पारेर आगामी मंसीर २२ गतेदेखि सप्ताहब्यापी श्रीमद् ब्रम्हाण्ड महापुराणको आयोजना गरिने भएको छ । पुराणमा कालिका संस्कृत विद्यापीठका प्राचार्य आ.पं. रघुनाथ रिजालको प्रमुख वाचकत्व रहनेछ ।

पीठका आजीवन अध्यक्ष ज्यो.पं. लक्ष्मीप्रसाद पोखरेलको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो । अनुष्ठान भव्य रुपमा सफल पार्न पीठका उपाध्यक्ष डिल्लीराम दाहालको संयोजकत्वमा १६औं बार्षिक अनुष्ठान आयोजक समिति गठन गरिएको छ । यसैगरी दाहालकै संयोजकत्वमा प्रचार-प्रसार उपसमिति, कोषाध्यक्ष खडानन्द खतिवडाको संयोजकत्वमा आर्थिक ब्यवस्थापन उपसमिति, उपाध्यक्ष लक्ष्मी मिश्रको संयोजकत्वमा साजसज्जा ब्यवस्थापन उपसमिति गठन गरिएको छ ।

वार्षिक अनुष्ठानलाई ब्यवस्थित गर्न



प्रेमप्रसाद पोखरेल संयोजक रहेको खाद्य ब्यवस्थापन , तारा गिरी संयोजक रहेको मण्डप ब्यवस्थापन, मनास्लु युवा क्लवका अध्यक्ष मनोज गोम्देन र राष्ट्रियता संरक्षण युवा मञ्चका अध्यक्ष रञ्जन देवकोटा सहसंयोजक रहेको सुरक्षा व्यवस्थापन, पर्शुराम कटुवाल संयोजक रहेको तुलादान तथा धान्याञ्चल ब्यवस्थापन उपसमिति गठन गरिएको छ ।

यसैगरी अर्जुनधारा वडा नं-९का अध्यक्ष पुष्प प्रसाई र वडा नं १०का बलदेव गोम्देनको संयोजकत्वमा पुराण संरक्षण उपसमिति गठन गरिएको छ । उक्त समितिमा ९ नम्बर वडाध्यक्ष पुष्प प्रसाई, दुर्गालाल श्रेष्ठ र सन्तबहादुर तामाङ सदस्य रहेका छन् । उपाध्यक्षत्रय डिल्लीराम दाहाल, लक्ष्मी मिश्र, कर्ण तामाङ रहेको अतिथि सत्कार उपसमिति, कर्णवहादुर तामाङ संयोजक रहेको रात्रीकालीन जागरण कार्यक्रम ब्यवस्थापन उपसमिति गठन गरिएको सचिव पं. भोलानाथ पोखरेलले जानकारी दिए ।

मंसीर २८ गते समापन हुने अनुष्ठानमा रुद्राभिषेक महायज्ञ, तुलादान, धनधान्याञ्चल महायज्ञ गरिनेछ । देवकालीन इतिहाससँग जोडिएको कालिकापीठ परिसरमा अक्षय वटवृक्षमुनि देवीको मन्दिर, जयन्तेश्वर शिवालय, अरुन्धती मातासहित सप्तऋषि भवन, हवनकुण्ड, काली मन्दिर, नवग्रह मन्दिर आदि रहेका छन् । कालिका संस्कृत विद्यापीठ सञ्चालन रहेको पीठमा पूर्वीय वैदिक ग्रन्थहरु देवी सप्तसति, रुद्री, वेद, ब्याकरण, भागवत, ज्योतिष आदिको पठन-पाठन हुँदै आएको छ ।

# भाइलाई छुरा प्रहार

**ताप्लेजुङ, मंसीर ३ ।** आफ्नै भाइलाई धारिलो हतियार छुरा प्रहार गरी घाइते बनाएको अभियोगमा मैवाखोला गाउँपालिका-१ पठ्याङ्गे बस्ने ३६ वर्षीय कालु थेबेलाई प्रहरीले पक्राउ गरेको छ ।

मादक पदार्थ सेवन गरेका कालु थेबेले घरायसी बिबादमा आफ्नै भाइ २७ वर्षीय सन्तोष थेबेलाई छुरा प्रहार गरी घाइते बनाएका थिए । इलाका प्रहरी कार्यालय दोभानबाट खटिएको प्रहरीले आरोपित थेवेलाई पक्राउ गरेको हो । घाइते सन्तोष थेबेलाई उपचारको लागि जिल्ला अस्पताल हुँदै थप उपचारको लागि धरान धोपा अस्पताल पठाइएको छ ।

## पूर्वमा ...

यस्तै समस्या हुन्छ ।' झापामा त्रिशक्तिको पराजुली, कनकाई, मेची र पाथीभरा ग्यास उद्योग रहेको छ । एउटा ग्यास उद्योगले मासिक ४० हजारदेखि ५० हजार ग्यास उत्पादन गर्दै आइरहेको जनाइएको छ । चारवटै ग्यास उद्योगको बजार पूर्वको चार जिल्ला नै हो ।

## गाउँपालिकाका ...

र विवादरहीत, नियमसंगत लिएको हुँदा उजुरी गर्नुको कुनै अर्थ नरहेको उपाध्यक्ष थापाको भनाइ छ ।

उजुरीकर्ता यादवले उजुरीपत्रमा अन्तरवार्ता सूचना कापी र थप अनुसन्धानका लागि परीक्षा भएको मितिको गाउँपालिकामा जडित सीसीटीभी फुटेजमा हेर्न सकिने प्रमाणको रूपमा पेश गरेका छन् ।

गाउँपालिकाले सूचीकृत फिल्ड सहायकमा रितु पौडेललाई नियुक्ति गरेको छ । सोही दिन गाउँपालिकाले सूचीकृत एमआइएस अपरेटरको पनि परीक्षा लिएको थियो ।

## फोहोरबाट ...

महिनापछि आएको शेयरलाई साधारण शेयरको रुपमा मात्रै समावेश गराइने प्रष्ट पारे । फोहोरलाई स्रोत मै छुट्याएर वायो ग्यास उत्पादन गर्न तीन नगरपालिका, केवी ऊर्जा (कनकाई-बिर्ता-अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लिमिटेड) र वैकल्पिक ऊर्जासँग त्रिपक्षीय सम्झौता भएको बताइएको छ ।

नेपालकै नमूना परियोजनाका रुपमा यसलाई लैजाने सोचका साथ काम अघि बढाइएको सञ्चालक कट्टेलले बताए । फोहोरको समस्या अहिलेको साझा समस्या भएको भन्दै यो कम्पनीले फोहोरलाई प्रशोधन गर्न शुरु गरेपछि सिङ्गो झापालाई फोहोररहीत बनाउन सकिने बताए ।

परियोजनाले दैनिक फोहोर मैला व्यवस्थापन गर्दै दैनिक १६ सय मेट्रिकटन प्राङ्गारिक मल र १६ सय किलो वायो ग्यास उत्पादन गर्ने अध्यक्ष तिम्सिनाको भनाइ छ । उनका अनुसार दैनिक ४ सय ५० केजी वायो ग्यास पाइपलाइनमार्फत वितरण हुन्छ ।

**को-को छन् कम्पनीमा ?**

प्रदूषणरहीत नगर र नगरवासीलाई घर-घरमा पाइपलाइनमार्फत ग्यास वितरण गर्ने उद्देश्यका साथ तीनवटा नगरपालिकाको सहकार्यमा शुरु भएको परियोजनामा तीनवटै नगरका नगरवासीको लगानी छ । त्यसमा पनि कम्पनीमा तिम्सिना अध्यक्ष पदमा छन् भने सदस्यहरुमा ज्ञानुराम प्रसाई, सुवास भट्टराई, शंकर ढुङ्गेल, प्रेम सागर सापकोटा, कुमारमणि पोखरेल, दीपक चापागाँई, सोमनाथ उप्रेती, मदन गोपाल सुब्बा, सुष्मा परियार, राजकुमार कट्टेल रहेका छन् ।

**तीन नगरको पचास-पचास लाख लगानी**

लामो समयदेखि झापाका बिर्तामोड, अर्जुनधारा र कनकाई नगरपालिकालाई फोहोर मैला व्यवस्थापनको विषय मुख्य समस्याका रुपमा थियो । नगरको फोहोर व्यवस्थापन गर्न नसक्दा जनप्रतिनिधिले चौतर्फी आलोचना व्यहोर्दै आएका थिए । डम्पिङ साइडको अभावले फाहोरलाई बाटैमा खाल्डो खनेर पुर्नूको विकल्प थिएन नगरलाई । अहिले पनि पूर्व-पश्चिम राजमार्गको गिरी बन्धु टी इस्टेट अगाडिको सडकमा बिर्तामोड नगरपालिकाले फोहोर पुर्दै आएको छ । फोहोरको उचित व्यवस्थापन गर्न नसक्दा कनकाई र अर्जुनधारालाई पनि समस्या रहेको थियो । उनीहरुले पनि आफ्नो नगरमा उत्पादित फोहोर खोला किनार, सामुदायिक वन क्षेत्रमा फ्याँक्नुपर्ने बाध्यता थियो ।

तर, कनकाई-बिर्ता-अर्जुन नबीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लिमिटेडले फोहोरमैला व्यवस्थापनका लागि परियोजना शुरु गरेपछि ती नगरपालिकाले सहकार्य गर्दै ५०-५० लाख रुपैयाँ लगानी गर्ने भएका छन् । परियोजना निर्माण सम्पन्न भएपछि फाहोरको दीगो व्यवस्थापन हुने बताइएको छ । फोहोरको दीगो व्यवस्थापन हुन नसक्दा नगरपालिकाहरुले नागरिकको दवाव सहनु परेको थियो । आफू निर्वाचित भएमा फाहोरको दीगो व्यस्थापन गर्ने बताएका जनप्रतिनिधिले दुई वर्षको अवधिमा पनि फोहोर व्यवस्थापनको ठोस् काम नगर्दा नागरिकले जनप्रतिनिधिको चर्को आलोचना गर्दै आएका थिए । तर, परियोजनाको काम शुरु भएसँगै फाहोरको दीगो व्यवस्थापन हुने र आफ्नो नगर सफा हुनेमा जनप्रतिनिधि विश्वस्त छन् ।

**'लक्ष्य चार हजारको तर अहिले दुई हजार'**

कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले कनकाइमा निर्माण भइरहेको वायो ग्यासको प्लान्ट चार हजार घनमिटरको भएको बताएका छन् । उनले तीनबटा नगरपालिकाभित्र रहेको फोहोरबाट अहिले २ हजार घनमिटर वायो ग्यास उत्पादन गर्न सकिने बताए । अन्य नगरको तुलनामा कनकाईले वायो ग्यास प्लान्टलाई अली बढी प्राथमिकतामा राखेका छौं- नगरप्रमुख पोखरेलले भने- 'हामीले कम्पनी स्थापनादेखि नै महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका हौं । भोलिको दिनमा ग्यास उत्पादन गरेर सिलिण्डर भरेर लान पनि हाम्रो त्यत्तिनै सहयोग चाहिन्छ र पाइपलाइनबाट ग्यास वितरणमा पनि हाम्रो महत्वपूर्ण भूमिका रहन्छ ।'

ग्यास प्लान्ट सञ्चालनका लागि अर्जुनधारा नगरपालिकाले गत वर्ष १० लाख रुपैयाँ सहयोग गरेको र यो वर्ष २५ लाख र अर्को वर्ष २५ लाख रुपैयाँ गरेर ५० लाख रुपैयाँ शेयरमा वदल्ने अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाले बताए । बिर्तामोड नगरपालिकालाई जस्तो हामीलाई फोहोर मैला व्यवस्थापनको समस्या नदेखिए पनि भावी दिनमा यसले सिङ्गो झापालाई फाइदा पुग्ने हुँदा व्यवस्थापनको काम साझेदारीमा अघि बढाइएको हो- नगरप्रमुख रानाले भने ।

झापामा सबैभन्दा बढी शहरी क्षेत्रमा फाहोर उत्पादन हुँदै आएको छ । त्यसमा पनि बिर्तामोड नगरपालिकामा जनघनत्व बढ्ने क्रम वढी रहेकाले अन्य नगरको तुलनामा बढी फोहोर उत्पादन हुने गरेको बताइएको छ ।


## GREEN FIELD WORLD SCHOOL

**GREEN FIELD WORLD SCHOOL** an English medium day boarding school seeks qualified teachers for the following post.

| S.N. | Level | Subject. | Qualification |
|---|---|---|---|
| 1. | Primary | Nepali | Bachelors degree |
| 2. | L. Secondary | Nepali | Bachelors degree |
| 3. | L. Secondary | Science/Maths | Bachelors degree |
| 4. | Sports/Music | – | – |

Candidates having at least 2 years of teaching experience with excellent command over written and spoken skills are requested to apply with a hand written application, complete CV, academic credentials and pp size photo to the school office by **5th of Mangsir 2076.**

*For details :* **Green Field World School**
**Charpane-1, Birtamode, Jhapa ( Ph No: 023- 542208)**

## जग्गा बिक्रीमा

**बिर्तामोड नजिक ५० हजार प्रतिधुरका दरले कित्ताकाट भइसकेको आकर्षक टुक्रा घडेरीहरु बिक्रीमा ।**
**सम्पर्कः ९८१५०८०३९१, ९८४१२९८५८३**

## जग्गा बिक्रीमा

**शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।**
**मो. ९८४२६५५९५०/९८०४९६९९९०**

## होटल एण्ड सेकुवा कर्नर विक्रीमा

**बिर्तामोड-५ किरात चोकमा चालू अवस्थामा रहेको होटल एण्ड सेकुवा कर्नर तु-बिक्रीमा छ ।**
**सम्पर्कः ९८०५१७०१३१**

## होटल विक्रीमा

बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) विक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८१६९८१०१७

## घर बनाउनका लागि नयाँ प्रविधि

**इटा, गिटी, बालुवा दोस्रो, तेस्रो, चौथो तथा पाँचौं तलासम्म लानका लागि मिनी क्रेन उपलब्ध छ । साथै मिक्सचर, जेनेरेटर, भाइब्रेटर, रड, काट्ने-बटार्ने कोरियन मेसिनहरु भाडामा उपलब्ध छ ।**
**सम्पर्कः ०२३-५४५७५३, ९८१७९५४२३८**

## कर्मचारी तु-चाहियो

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु-सम्पर्क गर्नुहोला ।
**मोटरसाइकल हुनुपर्नेछ । तलबः १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ ।**
**सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।


## संयुक्त प्रेस विज्ञप्ति

**विगत केही समय यता कनकाई मावि सुरुङ्गाका स्थायी शिक्षक तथा कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका करार अस्थायी उपप्राध्यापक हरिप्रसाद तिम्सिनाको अवकाशको विषयलाई लिएर विद्यार्थीहरु तथा प्रध्यापकहरुको एकतालाई दुष्प्रचार गर्दै केही व्यक्तिहरुबाट पेनडाउनको नाममा विद्यार्थीहरुको पढ्न पाउने अधिकारलाई कुण्ठित गर्दै आन्दोलनका नाममा यस कनकाई बहुमुखी क्याम्पसका अध्यक्ष प्रेमप्रसाद चुडाल (प्रकाश) माथि गरिएको मोसो दल्ने कार्यप्रति हामी कनकाई नगरपालिकामा क्रियाशील राजनीतिक दलको गम्भीर ध्यानार्कषण भएको छ र यस्तो अमानवीय कार्यप्रति दुःख व्यक्त गर्दै घोर भर्त्सना गर्दछौं ।**

**मुलुकी ऐन अपराध संहिता २०७४ को परिच्छेद ५ को सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धको कसुर गरेको भनी सोही दिन २०७६ साल कात्तिक २१ गते किटानी लिखित जाहेरी इलाका प्रहरी कार्यालय बिर्तामोडमा (दर्ता नं. ११४१) दर्ता भई सकेको हुँदा समेत हालसम्म खोजी गरी कानूनी कार्वाहीको दायराभित्र ल्याएको नदेखिएकाले नागरिकले सम्मानित एवम् मर्यादित तवरले बाच्न पाउने नेपालको संविधान एवम् मानवअधिकार संवन्धी अन्तर्राष्ट्रिय कानूनद्वारा प्रदत्त मौलिक हकको घोर उल्लंघन भएको आभास भएको छ । दण्डहीनता र कानूनी राज्यको उपहास हुने गरी प्रशासनबाट भएको गम्भीर कमजोरी प्रति सचेत गराउँदै यथाशीघ्र दोषीलाई कानूनको दायरामा ल्याउन र पीडितलाई प्रचलित कानून अनुसार न्याय दिलाउनका लागि गम्भीर ध्यानार्कषण गराउँदछौं ।**

**राजनीतिक आडमा दोषीलाई बचाउने र मुद्दालाई ढाकछोपका लागि केही प्राध्यापक तथा विद्यार्थी, पूर्वविद्यार्थीहरुले उच्छृंखलताको पराकाष्टा नाघ्दै प्राध्यापकलाइ धम्क्याउने, गालीगलोज गर्ने, विद्यार्थीलाई कक्षा कोठामा पढ्न जान रोक्ने आदि गतिविधि प्रति हाम्रो ध्यानाकर्षण भएको छ ।**

**राज्यकोषबाट स्थायी दरवन्दीमा कार्यरत सरकारी विद्यालयका शिक्षकको क्याम्पस सेवाको करार नवीकरण नभएकै कारण अमुक व्यक्तिको संलग्नतामा विद्यार्थीहरुको पठनपाठन गर्न पाउने नैसर्गिक अधिकारलाई कुण्ठित गर्दै क्याम्पसको नियमित पठनपाठन माथि कब्जा गरी निहीत स्वार्थसिद्ध गर्न खोज्नु आफैमा गैरकानूनी एवम् हास्यास्पद विषय बनेकाले आजको एक्काइसौं शताब्दीमा कसैलाई आफू पीडित भएको महशुस भए कानूनी उपचार पाउने पर्याप्त आधार र सम्भावना भएकाले कानूनी उपचारको बाटोमा जान र क्याम्पसको पठनपाठन कार्यलाई निरन्तरता दिन अनुरोध गर्दछौं ।**

**अन्त्यमा यस क्षेत्रका सचेत नागरिक समाज, संघ-संस्था, चन्दादाता, शिक्षा प्रेमी, विद्यार्थी, उद्योगपति, व्यवसायी, अभिभावक सवैमा निर्दोष व्यक्तिमाथि अभद्र ब्यवहार भएकोले यस्तो घटनालाई निरुत्साहित गर्न सरोकारवाला सवै पक्षसाग हामी हार्दिक अनुरोध समेत गर्दछौं । माथि उल्लिखित ब्यहोरा सम्वन्धित पक्षले अव उप्रान्त बेवास्ता गरे हामी कडा रुपले प्रस्तुत हुनेछौं । त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवारी सम्वन्धित पक्षले नै लिनुपर्नेछ ।**

| | | | | |
|---|---|---|---|---|
| **राजकुमार फुँयल** | **ज्योतिकुमार उप्रेती** | **रत्नकुमार श्रेष्ठ** | **अञ्जु थपलिया/कविता बस्नेत** | **नेत्रप्रसाद चिमरिया** |
| **कनकाई नगर अध्यक्ष** | **कनकाई नगर अध्यक्ष** | **कनकाई नगर अध्यक्ष** | **सभापतिः नेपाल महिला** | **कनकाई नगर अध्यक्ष** |
| **साझा पार्टी** | **राष्ट्रिय प्रजातन्त्र पार्टी** | **समाजवादी पार्टी** | **संघ, झापा क्षेत्र नं. ४** | **नेपाली कांग्रेस** |

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# प्राविधिक र नैतिक शिक्षा सँगसँगै हुनुपर्छ

**आज हामी प्रविधि र विज्ञानले ल्याएका नवीनतम् परिवर्तनलाई आत्मसात गर्दै बाँचिरहेका छौं । तर, सूचना तथा प्रविधिमा आएको परिवर्तनका सकारात्मक प्रभाव मात्र छैनन्, तिनीहरुले हाम्रो जीवनमा मानवीय मूल्यमान्यतालाई ओझेलमा पारेका अनगिन्ति उदाहरणहरु पनि छन् । नयाँ प्रविधिको आविष्कारको परिणामस्वरूप घरका प्रत्येक व्यक्तिले आफूलाई एक्ल्याएका छन् । परिवारका सदस्यबीचमा पर्याप्त रुपमा विचार आदान–प्रदान तथा दुःख–सुख साटासाटका लागि पनि समय अपुग हुन थालेको छ । झगडा र मतभेदले गर्दा परिवार, समाज र देशबाटै एकता, प्रेम र शान्ति हराइसकेको अवस्था सृजना हुन थालेको छ । यस्ता अशान्तमय अवस्थाबाट हाम्रो समाज गुज्रिँदै गएको सबैले महसुस गरेकै छन् । अब यस्तो समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्ने चुनौति हामीमा आएको छ । त्यसैले हामीले परापूर्वकालदेखि चलिआएका हाम्रा मनिषी, महर्षि तथा ज्ञानी पुरुषहरूले देखाएको नैतिकता, मायाप्रेम र करुणाको मार्गलाई अबलम्बन गर्नुपर्छ । उनीहरुले देखाएका असल ज्ञानका बाटा अँगाल्न सके आजका समस्याको आफै समाधान हुँदै जान्छ ।**

**विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा दिइने भौतिक शिक्षाले मात्र समाधान दिन सक्तैन, यसका लागि आचरण शिक्षाको पनि जरुरत पर्दछ । यो संसारमा खुसी र शान्तिसँग बाँच्नका लागि दुवै किसिमका शिक्षाको आवश्यकता पर्छ । दुवै शिक्षा एकैसाथ दिनुपर्छ । तर, आज सानादेखि ठूला तहका विद्यालयहरूमा भौतिक शिक्षामात्र दिइन्छ । तर, आध्यात्मिक शिक्षाको नामोनिशान छैन । शिक्षाले मानिसलाई जीविकोपार्जनको बाटो दिनुपर्छ, तर त्यतिले मात्र सबै समस्याको हल दिन सक्तैन भन्ने कुरा घाम जत्तिकै स्पष्ट छ । शिक्षा यस्तो हुनुपर्छ जसले एउटा व्यक्तिले अर्को व्यक्तिलाई हेर्ने तरिकामा परिवर्तन ल्याओस् । शिक्षा मानिसको मन, हृदय परिवर्तन गर्न सक्ने क्षमता भएको हुनुपर्छ । महात्मा गान्धी भन्छन्, 'शिक्षाले जीवनको आदर्श उच्च बनाउँदैन भने अध्ययन गर्नु बेकार छ ।' भौतिक शिक्षा भनेको पेट पाल्ने माध्यम हो । बाँच्नका लागि पैसा चाहिन्छ । घर, भोजन, छोराछोरीको शिक्षा दीक्षा इत्यादिका लागि आवश्यक पर्छ पैसा । तर, जीवनमा आइपर्ने समस्यालाई शान्त मनले बुद्धिमानीपूर्वक समाधान गर्नका लागि नैतिक शिक्षाको खाँचो पर्दछ । अबको शिक्षाले प्रविधिका साथसाथमा सत्कर्मको बाटो देखाउन सक्नुपर्दछ । यो शिक्षाले व्यक्तिमा आत्मविश्वास, आत्मसन्तुष्टि, त्याग र रूपान्तरण ल्याउँछ जसको परिणामस्वरूप आफूलाई चिन्नमा सहयोग पुर्‍याउँछ ।**

**नैतिक र आचरण शिक्षाले ज्ञानको तेस्रो आँखा खोल्दछ । विद्यार्थी बढी सहनशील, दयालु, अनुशासित, भद्र, मिलनसार र सबैसँग घुलमिल हुने र अरुको अस्तित्वलाई स्वीकार गर्ने हुन्छन् । हाम्रा विद्यालयमा अब ज्ञान, सीप र प्रवृत्ति परिवर्तनको मात्र लक्ष्य बोकेको शिक्षा पर्याप्त हुँदैन भन्ने सच्चाइलाई शिक्षाकर्मीहरुले बुझ्नुपर्छ, शिक्षाका योजनाकारले बुझ्नुपर्छ र तद्अनुरुप शिक्षा क्षेत्रमा परिवर्तन ल्याउन आवश्यक छ । आजको युग कम्प्युटर र प्रविधिको युग मात्र नभएर नैतिक आचरणको युग पनि हुनुपर्छ । अल्बर्ट आइन्स्टाइनले भने झैं धर्म बिनाको विज्ञान र विज्ञान बिनाको धर्म दुवै मानवजातिका लागि अनुपयुक्त हुन्छन् । यो सच्चाइलाई ग्रहण गरेर मात्र कुनै पनि मुलुक सकारात्मक विकासको बाटोमा लाग्नसक्छ । नेपालमा पनि भौतिक ज्ञानका साथ असल मानिस निर्माण गर्ने शिक्षालाई शिक्षाको अभिन्न पाटोको रुपमा समावेश गर्न आवश्यक छ ।**

### सामाजिक सञ्जाल

कालापानी मिच्या नक्सा निकाल्या यतिका दिन भो, यताकाले आजसम्म न लिखित विरोध जनाका छन् न वार्ता थाल्या छन् । 'सीमाबाट सेना हटाऊ' भनेर कुर्लिंदै ओली सर कुटनीतिको सट्टा बकबक नीतिमा लागे । पहिले महाकाली 'कन्यादान' दिने यिनै ओली सर हुन्, अहिले यिनैले कालापानी डुबाउने छाँट छ । होसियार !



**– खगेन्द्र संग्रौला**



सम्माननीय पिएम नेपाल ! देश सरकारसँग कालापानी प्रकरणमा 'रियाक्सन' होइन 'एक्सन' प्रतिक्षा गरिरहेको छ !

१) दिल्लीसँग तत्काल उच्चस्तरीय संवाद ।

२) नेपालको आफ्नो नक्सा जारी गरेर अडानमा प्रष्टता ।

३) भारतीय सुरक्षा बल फिर्ता ।

दोहोर्‍याउँछु- राष्ट्रवादको अडान परिणाममुखी हुनुपर्छ ।

**– विश्वप्रकाश शर्मा**

बेलुका भात खाएको राम्रो होइन । अरु नै हलुका खाना खाऔं । यदि अधिकांश नेपालीले एकछाक मात्र भात खाने हो भने खाद्यान्न प्रतिको परनिर्भरता ( भारतसँगको) पनि कम हुन्छ । जय नेपाल !



**– अर्जुन सुनुवार**

# टेरेन भारतले : अब के गर्ने ?



**चिन्तामणि दाहाल**

पंक्तिकारले अघिल्लो हप्ता पनि नेपाल भारत सीमा विवादकै प्रसंगमा चर्चा गरेको थियो । घटना पुरानो तरंग अहिले भन्ने शीर्षकमा नलेखिएका र नअटाएका प्रसंग यस हप्ताको आलेखमा समेट्न नेपाल भारत सीमानाकै प्रसंग उठाएको हो । नेपालको भूमि भारत सरकारले नै अतिक्रमण गर्‍यो भनेर बारम्बार नेपाल सरकार, राजनीतिक दल, तिनका भातृ संगठनहरु, बुद्धिजीवी, विज्ञ, आमजनता लगायतले जति नै चिच्याए पनि भारतले सुनेको छैन र पत्याएको पनि छैन ।

शुरुमा भारतका विदेश मन्त्रालयका प्रवक्ताले भारतले नेपाली भूमिमाथि अतिक्रमण गरेको छैन र नक्सामा भएको कालापानी, लिपुलेक र लिम्पियाधुरा ७० बर्षदेखि भारतकै नक्सामा थियो । अहिले त्यो नक्सालाई नयाँ जन्मिएका राज्य देखाउन मात्र अद्यावधिक गरेको प्रष्ट गरेको छ । त्यसपछि उ चुप लागको छ । नेपालमा जति नै विरोध प्रदर्शन वा चिच्याहट गरे पनि उसले पटक्कै टेरेको छैन ।

नेपाल सरकारको तर्फबाट परराष्ट्र मन्त्रालयले , परराष्ट्र मन्त्रीले र यहाँसम्म कि प्रधानमन्त्रीसम्मले नेपालको भूमि अतिक्रमण भयो, तिम्रो सेना जहिले बसेको भए पनि फिर्ता लग भनिसके । त्यस्तै प्रमुख प्रतिपक्षी दलका नेता र पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले पनि भारतले नेपाली भूमि अतिक्रमण गरेकै हो । उसले आफ्ना सेना फिर्ता लानु पर्छ भनिरहेकै छन् । अरु सबै दल, आमजनता र विज्ञ लगायतमा यस विषयमा अभुतपूर्व राष्ट्रिय सहमति भएको छ । यति हुँदा पनि नेपाली भूमि अतिक्रमण भएको स्वीकारेको छैन र केही समस्या भए वार्ता गर्न सकिन्छ मात्र भनेको छ । अर्थात् नेपालले भनेका तीन क्षेत्र भारतले अतिक्रमण गरेको मानेकै छैन । अर्थात् भारतले नेपाललाई टेरेकै छैन । आखिर किन ?

**आखिर किन ?**

नेपालले नजानेर एउटा गल्ती गर्दै आएको रहेछ देशको राजनीतिक नक्सामा । अहिले नेपालले अतिक्रमण भयो भनेका कालापानी, लिपुलेक र लिम्पियाधुरा भूभाग हालेर नेपालले प्रकाशित गरेको नक्सामा राखेकै रहेनछ । तर, उसले नक्सामा नराखे पनि यी तीन क्षेत्र त्यही नक्सामा समेटेको नेपालका नक्सा विज्ञहरुले ठानेका रहेछन् । विज्ञले जे ठाने सरकार, दल, प्रशासन, सुरक्षा निकाय र आमजनताले त्यही ठान्ने भए । विज्ञ नै अलमलिएपछि सबै गडबड हुने नै भयो । जब विज्ञले नेपालको सीमाना नक्सामै समेटिएको थाहा पाए तब उनीहरुले सरकार, दल र आमजनतालाई थाहा दिए । त्यसवेलासम्म ढीलो भइसकेको थियो । त्यसैले विवादमै रह्यो अहिले अतिक्रमण भयो भनेर उठान गरेको विषय ।

तर, नेपालको राजनीतिक नक्सा अहिलेको भारतले बनाएको होइन । अहिलेको भारतले ब्रिटिशहरुले उत्तराधिकारमा दिएको भूगोल र नक्सा हो । त्यो नक्सा भनेको ४ मार्च १८१६ को सुगौलीको सन्धी र त्यसपछि ब्रिटिशहरुले नेपाललाई १८१६ कै डिसेम्बरमा र सन्



१८६० मा फिर्ता गरेको भूमिपछि कायम गरेको सीमाना नै हो । अर्थात् पूर्वमा मेची नदी र पश्चिममा काली नदी बीचको भूमि हो । पूर्वमा मेची नदीको उद्गममा विवाद थिएन र छैन भने पश्चिममा लिम्पियाधुरा पश्चिमको काली नदी नै काली नदीको उद्गम मानिएको र विवाद नभएको तर, पछि कुटियांग्दीलाई भारतले काली नदीको उद्गम भनेर झिकेको विवादले समस्या भएको हो ।

यो विवाद बाहेक नेपाल भारतबीच सीमा अतिक्रमणका मुद्दा धेरै छन् । संकलित तथ्यांक अनुसार भारतले नेपालको ६१ हजार हेक्टर भूमिमा विवाद झिकेको छ । कालापानी क्षेत्र बाहेक अर्को ठूलो विवादित क्षेत्र नवलपरासीको सुस्ता हो । यो २०२५ सालदेखि चर्चामा आएको थियो ।

यी बाहेक झापाको बाहुण्डाँगीको तिरिंग, काँकरभिट्टाको भान्सा खोला, मेची पुल क्षेत्र, भद्रपुर पारी जंगे पिल्लर क्षेत्र, भद्रपुर हाइस्कूल अगाडिको भू-भाग, साविक पृथ्वीनगर-५ को केही भाग, पाठामारीको क्षेत्र, कचनकवल क्षेत्र, कोरोबारी क्षेत्र आदि गरी करिब १७ सय हेक्टर अतिक्रमण भयो भनेर उठाइएको विवाद हो ।

कलापानी क्षेत्रमा भारतले चिन भारत युद्धताका सन् १९६२ देखि नै सेना तैनाथ गरेको हो भने पञ्चायतकालभरि त्यो मुद्दा उठाइएन । कारण तत्कालीन राजा महेन्द्रले कांग्रेस कम्युनिष्टको पञ्चायत विरोधी आन्दोलनलाई बढ्न नदिन भारतले सहयोग गर्ने सम्बन्धी गोप्य सन्धी सन् १९६५ मा गरेकोले उनले कालापानीमा भारतले सेना राखेको मुद्दा उठाएनन् ।

२०४६ सालमा पञ्चायतविरुद्धको आन्दोलन सफल भई बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएपछि कालापानीबाट भारतीय सेना हटा भनेर आन्दोलन शुरु भयो । यसलाई तत्कालीन एमालेको विद्यार्थी संगठनले उठाएको हो । त्यसपछि नेपालका विज्ञहरु पनि यसमा अध्ययन गर्न थाले ।

सीमाना विवाद बढी नै उठ्न थालेपछि नदी क्षेमा पनि स्थल क्षेत्रमा जस्तै फिक्स्ड सीमा सिद्धान्त मान्ने भनेर २०४५ सालमा दुबै देशबीच भएको सहमतिपछि २०५३ सालदेखि दुबै देशका सीमा सर्भेयरको सुपरिवेक्षणमा सीमाना स्तम्भ राख्न थालियो । त्यसको आधार नक्सा भनेको १८७३ सालमा भारतीय सर्भेयरले तयार पारेको र नेपालले मानेको सीमा नक्सा नै थियो ।

तर, त्यो सीमा नक्सा कोर्दा पूर्वमा मेची नदीले सुगौली सन्धीपछिको ५६ वर्षको अवधिमा आफ्नो धार बदलिसकेको थियो । त्यसैले त्यही धार अनुसार सीमा नक्सा कोरियो । नेपालका सर्भेयर नभएका कारण भारतीय सर्भेयरले जे नक्सा बनाए त्यसलाई मान्नु बाहेक नेपालसँग विकल्प थिएन । त्यही नक्साले भारतलाई सीमा अतिक्रमण गर्न सहयोग गर्‍यो ।

यही नक्साकै आधारमा दुबै देशका सर्भेयरले पूर्वदेखि पश्चिमसम्मको सीमाना कायम गरेका छन् । तर, विवादित कालापानी क्षेत्र र सुस्तामा सीमाना कायम गर्न उनीहरुबीच सहमति भएको छैन । यी दुई बाहेक दुबै देशको ९८ प्रतिशत सीमाना समस्या समाधान भएको मानिएको छ । तर, पनि भारतले अतिक्रमण गर्न र धम्क्याउन छोडेको छैन । पछिल्लो घटना भनेको इलामको सन्दकपुरको हो । अर्थात् प्राविधिक हिसाबमा ९८ प्रतिशत सीमाना विवाद सकिए पनि ती सकिएकै स्थानमा पनि भारतीय अतिक्रमण जारी छ । यही नै अहिलेको र पछिसम्मको समस्या हो ।

**अन्त्यमा ,**

नेपाल भारत रहेसम्म र दुबै देशको सीमाना कायम गरेर काँडेतार नलगाएसम्म दुबै देशबीचको सीमाना विवाद र अतिक्रमण सकिएला जस्तो लाग्दैन । यो गर्न दुबै देश तयार त हुनैपर्छ भने आम जनता पनि तयार हुनुपर्छ । कारण प्राचीनकालदेखि नै दुबै देशका जनताबीच रोटीबेटीको सम्बन्ध छ । सरकारहरु झगडामा तल्लिन हुँदा पनि जनताको तहमा सहयोग आदानप्रदान भएको इतिहास छ । यस्तो इतिहास भारतले पटक-पटक लगाएको नाकाबन्दीमा पनि भारतीय सामान नेपालमा दुई नम्बरकै बाटो भएर पनि आए र नेपाली सामान गएका छन् ।

त्यसैले विशिष्ट सम्बन्ध भएका दुबै देशले सीमाना समस्या सुगौली सन्धीकै बेसमा गर्नु पर्छ । यस सन्धीले कालापानी र सुस्तालाई नेपालकै मानेको छ । यी क्षेत्रबाट भारतीय अतिक्रमण हट्नुपर्छ । दोस्रो दशगजा कायम गरी भविष्यमा त्यसको अतिक्रमण रोक्नु पर्छ । काँडेतार लगाएर तोकिएका नाकाबाट अहिले जस्तै निर्वाध आवागमन हुन दिनुपर्छ । यसबाट एक त सीमा विवाद सधैंका लागि सकिन्छ । दुई, नेपालको बाटो भएर भारत विरोधी शक्ति र तत्व भारतमा प्रवेश करिब-करिब समाप्त हुन्छ । जुन कुरा भारतीयले बारम्बार उठाइरहेका छन् ।

पछिल्लो जानकारीमा पहिलेका नेपालमा राजदूत रहेका र नेपाल विज्ञ शिवशरण अचानक नेपाल आएर राजनैतिक भेटघाट गरी फर्केका छन् । उनको अचानक आगमनलाई अहिलेको विवादसँग जोडेर हेरिएको छ । किनकि भारत पनि उसकै फाइदाका लागि नेपालसँगको मित्रता गुमाउन चाहँदैन । नेपाल भारत र चिन दुबैका लागि सामरिक महत्वको क्षेत्र हो । नेपाल दुबै देशको बीचमा पर्खाल भएर बसेको छ । यसबाट दुबै देशको अरबौंको सुरक्षा खर्च र खरबौं तनावलाई जोगाएको छ । यही आधारमा नेपालले भारतसँग कुटनीतिक ढंगले अहिलेको विवाद सक्नुपर्छ । तर, पंक्तिकारलाई आशंका छ यो विवाद वार्ताकै कुरालाई अघि सारेर पचासौं बर्षसम्म भारतले टाँग्न सक्छ ।

# अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको औचित्य

**रमेश विकल**

विश्वभर जस्तै नेपालमा पनि अन्तर्राष्ट्रिय बाल अधिकार दिवस नोभेम्वर २० अर्थात् मंसीर ४ गते ( आज) विभिन्न कार्यक्रम गरी मनाइँदैछ । यो दिन वास्तवमा संसारका बालबालिकाको लागि महत्वपूर्ण दिन हो । यही दिन संयुक्त राष्ट्र संघको पहलमा संसारका अमेरिका र सोमालिया बाहेकका अन्य सबै देशले बालबालिकाको सर्वोत्तम हित हुनेगरी तयार गरिएको दस्तावेजमा स्वीकृति जनाई संयुक्त राष्ट्र संघीय महासभाबाट बाल अधिकार सम्बन्धी महासन्धी पारित गरेका थिए । सन् १९८९ नोभेम्बर २० तारिख यही कारण संसारका बालबालिकाका लागि महत्वपूर्ण दिन हुन गयो ।

१८ बर्ष मुनिका मानव जातिलाई बालबालिका भनेर परिभाषित गरेको महासन्धीले बाल अधिकारका चार स्तम्भ उल्लेख गरेको छ । जसमा बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिता रहेका छन् । बाल बचाउ अन्तर्गत बाँच्न पाउनु, गर्भवती महिलाको विशेष स्याहार, सुरक्षित जन्म तथा जन्मदर्ता, खोप तथा स्वास्थ्य स्याहार, पोषणयुक्त खाना र सफा पानी रहेका छन् । यसैगरी बाल विकासमा संसारका हरेक बालबालिकाले स्वच्छ वातावरणमा औपचारिक वा अनौपचारिक शिक्षा हासिल गर्न पाउने, खेल मनोरञ्जन र आराम गर्न पाउने, उचित स्वास्थ्य उपचार पाउने, माया ममता र हुर्काउने कार्यमा बाबु आमाको संयुक्त दायित्व हुने, उचित मार्गदर्शन र राम्रो पारिवारिक वातावरण पाउने कुरा पर्दछन् ।

महासन्धीको तेस्रो स्तम्भ बाल संरक्षण अन्तर्गत गर्भदेखि हुने विभेदबाट संरक्षण हुने उल्लेख छ । यसैगरी दुर्व्यवहार, उत्पीडन, हेला, अपमान, गाली, कुटपिट र यातनाबाट बालबालिकाले संरक्षण पाउने, यौन तथा श्रम शोषणबाट संरक्षण पाउने, युद्धमा संलग्नताबाट संरक्षण पाउने, बेचबिखन तथा ओसारपसारबाट संरक्षण, लागूपदार्थबाट संरक्षण पाउने तथा कानुनी संरक्षण पाउने उल्लेख छ । चौथो स्तम्भ बाल सहभागितामा जीवनमा प्रभाव पार्ने निर्णयहरुमा आफ्नो कुराको सुनुवाई गर्ने र सो को कदर गरिनुपर्ने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, संघ-संस्था खोल्ने र सहभागी हुने, बालबालिकाको विचार र भावनाको कदर गरिनुपर्ने उल्लेख छ ।

५४ वटा धाराहरु रहेको महासन्धीका धारा २८ र २९ मा शिक्षा सम्बन्धी अधिकारहरु ब्याख्या गरिएको छ । धारा २८ मा शिक्षा प्राप्त गर्ने बालकको अधिकार भएको उल्लेख गर्दै कम्तीमा प्राथमिक शिक्षा अनिवार्य निःशुल्क गराउनुपर्ने राज्यको दायित्व हुने उल्लेख छ । यसैगरी धारा २९ मा शिक्षा बालबालिकाको व्यक्तित्व क्षमताको विकासतर्फ निर्देशित हुनुपर्ने उल्लेख छ । प्राकृतिक वातावरणप्रति सम्मानको भावना विकास गर्ने कुरा तर्फ निर्देशित शिक्षा पक्ष राष्ट्रका बालबालिकाले पाउनुपर्ने उल्लेख गरिएको धारा २९ ले बालबालिकामा मानव अधिकार र मौलिक स्वतन्त्रताहरु तथा संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लेखित सिद्धान्तहरु प्रतिको आदरभाव विकास भएको नागरिक उत्पादन पक्ष राष्ट्रको शिक्षा नीति



हुने परिकल्पना गरेको छ । धारा २९ यसका अतिरिक्त बालबालिकाको आफ्ना आमाबाबुप्रति, उसको आफ्नो सांस्कृतिक पहिचान, भाषा र मूल्यहरुप्रति, निज उत्पन्न भएको देशप्रति र निजको भन्दा भिन्न सभ्यताहरुप्रतिको आदर भावको विकास बालबालिकामा हुने गरी पक्ष राष्ट्रको शिक्षा निर्देशित हुनुपर्ने भनेको छ । स्वतन्त्र समाज, सबै नागरिकहरु, जाति, राष्ट्रिय र धार्मिक समुदायहरु तथा आदिवासी मूलका मानिसहरुकाबीच समझदारी, शान्ति, सहिष्णुता, लैंगिक समानता र मित्रताको भावनामा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकाको तयारी पक्ष राष्ट्रले गर्नुपर्ने उल्लेख छ ।

संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रका नाताले नेपालले सन् १९९० सेप्टेम्वर १४ मा नेपालका तर्फबाट तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले महासन्धीमा हस्ताक्षर गरेपछि पक्ष राष्ट्र बनेको नेपाल पनि बालअधिकारका क्षेत्रमा केही गर्न बाध्य भयो । यसबीचमा केही सकारात्मक प्रयासहरु पनि भएका छन् । बालबालिका सम्बन्धी ऐन, २०४८ र नियमावली २०५१ निर्माण भएको छ । केन्द्रीय तथा जिल्ला बालकल्याण समिति गठन भएका छन् भने बालबालिका सम्बन्धी मन्त्रालय नै स्थापना भएको छ । स्थानीय सरकारहरु कूल बजेटको १० प्रतिशत बालबालिकाको लागि खर्च गर्ने गरी छुट्याउन बाध्य भएका छन् । यति मात्र होइन नेपालको संविधान २०७२ को धारा १३(३) मा समानताको हक अन्तर्गत राज्यले बालबालिकाको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सक्ने प्रावधान राखिएको छ । धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी हक उल्लेख भएको छ भने धारा २२ मा बालबालिकाका हक , धारा ३५( ९)मा राज्यले बालबालिकाको उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्न सक्ने प्रावधान राखिएको छ । बालमैत्री विद्यालय राष्ट्रिय कार्य ढाँचा, २०६७ जारी भएर कार्यान्वयनमा समेत आइसकेको छ ।

बालअधिकार महासन्धीमा हस्ताक्षर र यती धेरै सकारात्मक प्रयासहरु भएता पनि नेपाली बालबालिकाको अवस्थामा भने खासै सकारात्मका परिवर्तन आउन सकेको छैन । सुरक्षित जन्मको अधिकारबाट नै ग्रामीण क्षेत्रमा जन्मने बालबालिकाहरु वञ्चित छन् भने खोप तथा स्वास्थ्य स्याहार, पोषणयुक्त खाना अनि सफा पानी पाउने अधिकारबाट पनि बालबालिकाहरु वञ्चित नै छन् । बाबुआमासँग बस्न पाउने बालबालिकाको अधिकार सम्बन्धका सामाजिक सञ्जालमा आएकोँ आज बाबुआमासँग छोराछोरीका लागि समय छैन र होस्टेल लगेर राख्छन्, भोलि बाबुआमाका लागि छोराछोरीसँग समय हुने छैन र बृद्धाश्रममा लगेर राख्नेछन् ! भन्ने भनाईबाट व्यस्तताका नाममा बाबुआमाले आफ्ना बालबालिकाको अधिकार कसरी हनन् गरिरहेका छन् भन्ने स्पष्ट पार्छ । विरामी हुँदा उचित स्वास्थ्य उपचार नपाउने बालबालिकाको संख्या त झन् कति छ कति । गर्भदेखि नै हुने विभेदबाट खासगरी बालिकाहरु प्रताडित छन् । यौनशोषणका अनेकौं रुपहरु हामीले देखिरहेका छौं भने श्रम शोषणको अवस्था पनि त्यस्तै भयावह छ । बालबालिकाको बेचबिखन, लागूपदार्थ ओसारपसारमा बालबालिकाको प्रयोग, जोखिमपूर्ण काममा बालबालिकाको प्रयोगको अवस्था पनि डरलाग्दो नै छ ।

जीवनमा प्रभाव पार्ने निर्णयहरुमा बालबालिकाको सुनुवाई गर्ने कुरा हाम्रोमा अझै बानी परिसकेको छैन । घर बनाउँदा होस् वा विद्यालय वा अन्य कुनै निर्माणका कार्य होस् हामी बालबालिकासँग सल्लाह र परामर्श गर्दैनौं । बरु आफ्ना कुरा राख्न खोज्ने बालबालिकालाई खुकुरीभन्दा कर्द लाग्ने भनेर हप्काउँछौं । हाम्रा विद्यालयहरु अझै बालमैत्री हुन सकेका छैनन् । बालमैत्री हुनु भनेको बालबालिका माथि कुटपिट नहुनु मात्र हो भन्ने हाम्रो सोचाई रहेको छ । उनीहरु अनुकूल सिकाई वातावरण र भौतिक संरचना हुनु पनि त्यत्तिकै आवश्यक छ भन्ने कुरा बुझ्नु जरुरी छ ।

समग्रमा भन्नुपर्दा बालअधिकार भनेको बालबालिकाको निम्ति स्वस्थ भएर बाँच्न, सर्वाङ्गीण विकास गर्न, खुसी हुन, नभइ नहुने न्यूनतम् आवश्यकताहरु पाउनु नै बालअधिकार हो । अभिभावक र राज्यले बालबालिकालाई उनीहरुका यी अधिकार उपयोग गर्ने वातावरण निर्माण गर्नुपर्दछ । बालबालिकाको बाँच्न पाउने अधिकार, विकासको अधिकार, संरक्षणको अधिकार र सहभागिताको अधिकार सुरक्षित हुन सक्दा मात्र देशले भविष्यका लागि असल नागरिक प्राप्त गर्न सक्छ । बालबालिकालाई कस्तो बनाउने भन्ने बाबुआमाको हातमा हुन्छ । त्यसैले हरेक बाबुआमाले आफ्ना बच्चालाई साथै राखेर हेरुन कि के आफ्ना बच्चाले अवलम्बन गरेको मार्ग सही छ ?

खुलेर सपना देख्ने र त्यो सपनालाई साकार रुप दिने ल्याकत राख्ने बालबालिका बनाउन हामीले उनीहरुलाई कुनै किसिमको हानीबाट सुरक्षित तुल्याउनु छ, प्रत्येक बालबालिकालाई विद्यालय पुर्‍याउनु छ र बालबालिकाका लागि सुन्दर संसार निर्माण गर्नुछ । यो अवसरमा सबै बालबालिकामा शुभकामना ।

# सीमा स्तम्भ : मर्मत गरिनुपर्ने ३७००, गायब २२००

**झापा, मंसीर ३।** सीमा सुरक्षामा खटिएको सशस्त्र प्रहरी बलको तथ्यांक अनुसार भारत र चीनसँग सीमाना जोडिएका ३५ जिल्लामा तीन हजार सात सयभन्दा बढी सीमास्तम्भ तत्काल मर्मत गर्नुपर्ने अवस्थामा रहेका छन् ।


सशस्त्र प्रहरीको अभिलेखमा आठ हजार एक सय ८१ सीमास्तम्भ रहेको भए पनि नापी विभागले करिब आठ हजार पाँच सय सीमास्तम्भ रहेको बताउने गरेको छ । सीमा क्षेत्रका दुई हजारभन्दा बढी स्तम्भहरू बेपत्ता रहेको र दुई सयभन्दा बढी नदीले बगाएको हुनसक्ने अधिकारीहरू बताउँछन् । सीमामा खटिएका प्रहरीले सङ्कलन गरेका विवरणका आधारमा सीमास्तम्भहरूको अवस्था अद्यावधिक गरी गृह मन्त्रालयमा जानकारी गराउने गरेको सशस्त्र प्रहरी बलका प्रवक्ता सुरजकुमार श्रेष्ठले जनाएका छन् ।

सीमा सुरक्षाको जिम्मेवारी सशस्त्र प्रहरीलाई दिइएको छ । सीमा सुरक्षाका लागि भारत र चीनको सीमावर्ती क्षेत्रका आफ्ना गण र सीमा चौकीहरूमा लगभग १९ हजार फौज परिचालित गरिएको सशस्त्र प्रहरीले जनाएको छ । बीबीसीले प्राप्त गरेको जानकारी अनुसार मर्मत गर्नुपर्ने अवस्थामा भनेर सशस्त्र प्रहरीले छुट्याएका तीन हजार सात सय ६६ सीमा स्तम्भहरूमध्ये सैयौं निकै नाजुक अवस्थामा छन् ।

गृह मन्त्रालय स्रोतका अनुसार नेपाल-भारत सीमा क्षेत्रमा रहेका एक सय ९८ जङ्गे पिलरसहित कूल एक हजार आठ सय २२ वटा सीमास्तम्भ हराएका छन् । त्यसबाहेक मुख्य र सहायक गरी दुई सय ५० भन्दा बढी सीमास्तम्भ नदीले बगाएका कारण आफ्ना स्थानमा नरहेको अधिकारीहरूले जनाएका छन् ।

प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा खडा गरिएकाले जङ्गे पिलर भनिने मुख्य स्तम्भहरू ३० जिल्लामा साढे आठ सयको संख्यामा रहेको अधिकारीहरू बताउँछन् । त्यसमध्ये सबैभन्दा धेरै झापामा ७० वटा र सबैभन्दा कम दोलखामा एउटा रहेको सशस्त्र प्रहरी बलको तथ्याङ्कले देखाउँछ । सबैभन्दा बढी जङ्गे पिलर मर्मत गर्नुपर्ने जिल्ला दार्चुला रहेको छ जहाँ रहेका ५७ मध्ये एउटा मुख्य स्तम्भमात्रै सग्लो अवस्थामा छ । त्यहाँ रहेका सबै सहायक पिलरहरू पनि मर्मत गर्नुपर्ने अवस्थामा रहेको बीबीसीले प्राप्त गरेको आँकडाले देखाउँछ ।

त्यसबाहेक बर्दिया जिल्लामा रहेका ४२ वटा जङ्गे पिलसहित कूल दुई सय ४५ वटा सीमास्तम्भ मर्मत गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । श्रेष्ठ सीमास्तम्भको ताजा अवस्थाबारे गृह मन्त्रालयलाई अद्यावधिक रूपमा जानकारी उपलब्ध गराउने गरिएको बताउँछन् । उनले भने- 'हामीले जुन बोर्डर आउटपोस्ट भनिने बीओपीहरू खटाउँछौं, उनीहरूको मुख्य काम नै सीमास्तम्भहरूको



निगरानी गर्ने हो ।' 'यदि कुनै सीमास्तम्भ ढलेको छ वा भत्किएको छ वा हराएको छ भने हामी तुरुन्तै गृह मन्त्रालय र नापी विभागलाई खबर गर्छौं ।' उनले थपे- 'सीमा अतिक्रमण भएको छ भने त्यसबारे पनि जानकारी गराउने गरेका छौं ।'

नापी विभागका अधिकारीहरू भने सीमास्तम्भहरूको मर्मतलाई उच्च प्राथमिकता दिएको र समयसीमा नै तोकेर कामलाई अघि बढाइएको बताउँछन् । विभागका निर्देशक दामोदर ढकाल भन्छन्- 'नेपाल र भारतको सीमामा अवस्थित सीमास्तम्भहरूको मर्मत र पुनर्निर्माण गर्ने काम दुवै देशले संयुक्त रुपमा गर्ने गरेका छौं । सन् २०१४ देखि बोर्डर वर्किङ ग्रुप र फिल्ड सर्भे टिम जस्ता संयुक्त संयन्त्रले काम गरिरहेका छन् ।'

विभागका अनुसार सुस्ता र कालापानी बाहेकका क्षेत्रका दुवै देशले मानेका नक्साहरू छन् । कालापानीमा भारतीय सेनाले आफ्नो शिविर राखेको छ । दुवै देशले सहमति गरेका नक्साका आधारमा सबै पिलरका कोअर्डिनेटहरू छन् र त्यसका आधारमा स्थलगत रूपमा गएर स्तम्भहरू हेर्ने, मर्मत वा पुनर्निर्माण गर्ने मापदण्ड नै तोकिएको छ । उक्त संयन्त्रलाई सन् २०१९ सम्म आफ्नो काम सक्ने जिम्मेवारी दिइए पनि संयुक्त काम गर्नुपर्ने र कतिपय स्तम्भहरू जटिल भौगोलिक क्षेत्रमा बनाउनुपर्ने भएकाले समयमा काम सम्पन्न गर्न नसकिएको अधिकारीहरू बताउँछन् ।

ढकालले समयमा काम नसकिएपछि त्यसलाई सन् २०२१-२०२२ मा सम्पन्न गर्ने गरी दुवै देशको टोलीलाई निर्देशन प्राप्त भएको उल्लेख गरे। उनी भन्छन्- 'लगभग दुई हजारदेखि २१ सय स्तम्भ मर्मत गर्नुपर्ने अवस्थामा छन् । लगभग सबै सीमास्तम्भका कोअर्डिनेटहरू हामीसँग रहेकाले यदि स्तम्भहरू हराएकै रहेछन् भने पनि तलमाथि नहुने गरी ठाउँ पत्ता लगाउन सक्ने अवस्थामा छौं ।' तर, सीमा मामिलालाई नजिकबाट नियालिरहेका कतिपय अधिकारीहरू सीमास्तम्भ मर्मत र पुनर्निर्माणको काम धीमा गतिमा अघि बढेको बताउँछन् ।

# विद्यालयमा 'नर्सिङ कार्यक्रम'

**खोटाङ, मंसीर ३।** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेलस्थित सरस्वती माविमा विद्यालय नर्स कार्यक्रम शुरु गरिएको छ । सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ को 'विद्यालय नर्सिङ' कार्यक्रम अन्तर्गत जिल्लाका सामुदायिक विद्यालयमध्ये सरस्वती माविमा विद्यालय नर्स कार्यक्रम शुरु गरिएको हो ।

कार्यक्रममा नगरप्रमुख दीपनारायण रिजाल, उपप्रमुख विणादेवी राई, प्रमुख प्रशासकीय अधिकृत शान्तिराज प्रसाईं लगायतले ब्यानरमा हस्ताक्षर गर्दै विद्यालय नर्स कार्यक्रम उद्घाटन गरेका थिए । विद्यालय उमेर समूहका बालबालिकालाई स्वास्थ्य सम्बन्धी ज्ञान दिएर स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहित गर्न प्रदेश सरकारले 'विद्यालय नर्सिङ' कार्यक्रम सञ्चालनमा ल्याएको हो ।

प्रदेश स्वास्थ्य निर्देशनालयले एक नर्स उपलब्ध गराएपछि केही समयपछि नै विद्यालय नर्स कार्यक्रम नियमितरूपमा सञ्चालन हुने नगरपालिकाका स्वास्थ्य शाखा संयोजक तीर्थराज आचार्यले बताए । हरेक सामुदायिक विद्यालयमा एक नर्स राख्ने व्यवस्था अनुसार प्रदेश नं. १ का १४ सामुदायिक विद्यालयमध्ये जिल्लाको सरस्वती माविले 'विद्यालय नर्सिङ' कार्यक्रम सञ्चालन गर्ने अवसर पाएको हो ।

जिल्लाकै सबैभन्दा पुरानो सरस्वती माविमा विद्यालय नर्स, डिजिटल विद्यालय तथा विद्यालय स्वास्थ्य कार्यक्रम एकैसाथ शुरु गरिएको छ। जिल्लाको प्रमुख व्यापारिक केन्द्रमा रहेको सो विद्यालयलाई पछिल्लो समय शैक्षिक, भौतिक लगायत विभिन्न हिसाबले जिल्लाकै नमूना विद्यालयका रूपमा स्थापित गरिएको छ।

# शीतला कृषि सहकारीको ११औं सभा



**बिर्तामोड, मंसीर ३।** झापाको बिर्तामोड नगरपालिका-१० विराटपोखरस्थित शीतला कृषि सहकारी संस्था लिमिटेडको ११औं वार्षिक साधरणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष देवेन्द्रप्रसाद गौतमको अध्यक्षता तथा बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष भोलानाथ पौड्यालले स्वागत गरेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि शिवाकोटीले समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य पूरा गर्न सहकारीको सहकार्य र समन्वयकारी भूमिका जरुरी रहेको बताए । उनले सदस्य समृद्ध तुल्याउने कृषि परियोजना लिएर आए आफूले खुलेर सहयोग गर्ने प्रतिबद्धता समेत जनाए ।

कार्यक्रममा संस्थाका अध्यक्ष गौतमले अध्यक्षको प्रतिवेदन तथा लेखा समितिका संयोजक विशाल शिवाकोटीले लेखासमितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

१० वर्षअघि अर्जुनधारा नगरपालिका-७ मा स्थापना भएको संस्थाको अर्जुनधारा लगायत बिर्तामोड नगरपालिका र बुद्धशान्ति गाउँपालिका कार्यक्षेत्र रहेको छ भने कूल शेयर पूँजी २० लाख ४४ हजार पाँच सय तथा कर्जा लगानी ३१ लाख ६५ हजार दुई सय रहेको प्रतिवेदनमा उल्लेख छ । आगामी वर्ष शेयर पूँजी ५० लाख र सदस्य संख्या एक हजार पुऱ्याउने लक्ष्य रहेको पनि अध्यक्ष गौतमले बताए ।

कार्यक्रममा बिर्तामोड-१० का वडाध्यक्ष दुर्योधन गुरुङ, विशाल कृषि सहकारीका अध्यक्ष पृथ्वी बस्नेत, संस्थाका निवर्तमान अध्यक्ष राजकुमार बराइली लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव तथा व्यवस्थापक हरिप्रसाद सिटौलाले गरेको कर्मचारी अञ्जना गौतमले जानकारी दिइन् ।


वाथ एक अटो इम्युन रोग हो ।
समयमा उपचार गर्नाले वाथ रोग नियन्त्रण गर्न सकिन्छ ।

वाथका लक्षणहरू: | जानकारीको लागि सम्पर्क नं:- ९८११३३५६२४

१) साना तथा ठूला जोर्नीहरु दुख्ने, सुन्निने, कक्रक पर्ने ।
२) आरामको समयमा ढाड र जोर्नी बढी दुख्ने ।
३) बिहानको समयमा शरीर अरठ्ठ हुने ।
४) मांसपेशीहरु दुख्ने, गल्ने ।
५) थकाई बढी लाग्ने ।
६) बारम्बार गर्भधारणमा समस्या आउने ।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने ।
८) कपाल बढि झर्ने ।
९) मुख भित्र बारम्बार घाउ आउने ।
१०) चिसोमा औंलाहरु निलो, सेतो हुने ।
११) बारम्बार घाउहरु आइरहने ।
१२) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने ।
१३) कुर्कुच्चा पोल्ने, दुख्ने ।
१४) मांसपेशी कमजोर हुने ।
१५) खकारमा रगत देखा पर्ने ।
१६) लामो समयसम्म ज्वरो आउने ।
१७) आँखा बारम्बार रातो हुने ।

वरिष्ठ वाथ रोग विशेषज्ञ डा.अभिलाशा शाह
MBBS,MD (Internal medicine)
Fellowship in Reheumetology & Clinical Immunology (New Delhi India)
यस पटक यही मंसिर ६ र ७ गते शुक्रबार र शनिबार नर्भिक हस्पिटल काठमाण्डौबाट आउदै हुनुहुन्छ अग्रिम नाम दर्ता गर्नुहोस्
कन्काई हस्पिटल प्रा.लि.
KANKAI HOSPITAL PVT.LTD
बिर्तामोड, झापा फोन नं. ०२३-५४३८०७
"विशेषज्ञ सेवा हाम्रो प्रतिवद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा"



कोरियन भाषा
한국어 にほんご
हाम्रा विशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklcbtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399



झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्बरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई



पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ
(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ MAR JAAVAAN
दोस्रो शो २:४५ MAR JAAVAAN
तेस्रो शो ६:४५ MAR JAAVAAN
(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ मिष्टर नेपाली
दोस्रो शो २:४५ मिष्टर नेपाली
तेस्रो शो ६:४५ मिष्टर नेपाली
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६



हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८


## वर्गीकृत विज्ञापन


साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

आवश्यकता
शिक्षक : २ जना
(सोसियल+होस्टल शिक्षक खानाबस्न छ)
कुक : १ जना वेटर : ५ जना
लेखापाल : १ जना (अनुभवी)
महिला इञ्चार्ज : १ जना (३० वर्ष पुगेको)
पिनाकल जब्स केयर सर्भिस
बिर्तामोड, (९८१४९०४७६४, ०२३-५४४६६०)

जग्गा बिक्रीमा
बि.एण्ड.सी. हस्पिटलबाट ५ मिटर दुरीमा (हर्कलाल मार्ग छेउ) ४ पाटा मिलेको ८ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ ।
मो. ०२३-५४५७५३, ९८१७९५४२३८

छापाखाना
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि स्टाम (छाप) अफसेट प्रिन्ट स्क्रीन प्रिन्ट फ्लेक्स प्रिन्ट होर्डिङ्ग बोर्ड लेमिनेशन डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा

गिटी बालुवा चाहिएमा
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
सयपत्री
९८४२६५४४००, ९८०४९५४४००

बारमासे कागती खेती ! गरौं है उन्नती !!
बारै महिना र धेरै मात्रामा फलिरहने सबभन्दा उन्नत जातको कागती खेती गर्न राम्रो बिरुवा चाहिएमा आजै सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८१७९३३५८२
९८१३८४४९२९

पसल तु-बिक्रीमा
बिर्तामोडस्थित पूर्व-पश्चिम राजमार्गदेखि २०० किलोमिटर उत्तर हिमालय धर्मकाँटा-मातामन्दिर रोडमा रहेको अति चालू अवस्थाको होलसेल तथा खुद्रा । पसल तु-बिक्रीमा छ । इच्छुकले चाडै सम्पर्क राख्नु होला ।
सम्पर्क: ९८५२६४५४२०/९८०१४४५४२०

जग्गा बिक्रीमा
झापाको बिर्तामोड- ३ स्थित भद्रपुर रोडबाट पश्चिम व्यापारिक केन्द्र बिन्दुमै रहेको १४ धुर जग्गा बिक्रीमा छ । इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८१६९८४१५३, ९८०४९१३९८७


सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

कर्मचारी आवश्यकता
Math & science Teacher : 1
(for 7 class)काँकरभिट्टाको लागि ।
English Teacher : 1
(for 7 class)काँकरभिट्टाको लागि ।
टिचरको लागि बस्नको पनि व्यवस्था छ ।
किचन हेल्पर : २ जना (इलामको लागि)
वेटर : ३ जना (महिला बिर्तामोडको लागि)
सेल्समेन : २ जना (काममा अनुभव भएको)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

आवश्यकता
सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)
यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५


### हिजोको सूनचाँदीको भाऊ

छापावाला सुन : ७०,४००।-
तेजावी सुन : ७०,१००।-
असल चाँदी : ८५०।-



ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला । शुभचिन्तकहरूको सहयोग जुट्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मौका पर्खंदा अप्ठ्यारो स्थितिमा सुधार आउनेछ । मेहनतले आँटेको काम बन्नेछ । आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अर्थ उपार्जनका विभिन्न स्रोतहरू फेला पर्नेछन् । समाजमा आफ्नो प्रभाव बढ्न सक्छ । धेरै बोल्दा समस्या आउन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा इर्ष्या गर्नेहरूले हार खानेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । स्वास्थ्य सबल रहनेछ भने शत्रुहरू परास्त हुनेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापार लगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ । महत्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** शुभचिन्तकहरूले साथ दिने हुँदा प्रतिष्ठित काम गर्ने मौका छ । विशेष तथा नयाँ ज्ञानको खोजीमा समय बित्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** गुरुजनको सहयोगले बौद्धिक प्रतिस्पर्धामा अग्रस्थान हासिल गर्न सफल भइनेछ । सानो प्रयत्नले नाम, दाम र इनाम दिलाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सेवामूलक कामबाट धनलाभ हुनेछ । आफ्नो प्रतिभाको कदर हुनेछ । व्यापारमा राम्रै उपलब्धि हासिल हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** हिस्सेदारसँग असमझदारी बढ्नाले सम्झौता भंग हुन सक्छ । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अरूको फाइदाका लागि उपयोग भइनेछ भने आफ्ना लागि परिस्थिति प्रतिकूल रहनेछ । इर्ष्यालु मन भएकाहरूले काममा अवरोध पुर्याउन सक्छन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आफ्ना सामानमा अरूले दाबी गर्लान् । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्यमा पुगिनेछ ।

# बजारमा प्याजको अभाव

□ लक्ष्मी उप्रेती



**मेचीनगर, मंसीर ३।** भारतले प्याज निर्यातमा प्रतिबन्ध लगाएसँगै नेपाली बजारमा प्याजको अभाव भएको छ। भारतले देशभित्र आपूर्ति व्यवस्था प्रभावकारी बनाउन भन्दै असोजको दोस्रो सातादेखि प्याज निर्यातमा प्रतिवन्ध लगाएको थियो ।

यो प्रतिबन्धसँगै नेपाली बजारमा प्याजको अभाव सिर्जना भएको छ भने मूल्य आकासिएको छ । नेपाली तरकारी व्यवसायीहरुका अनुसार नेपालमा खपत हुने ९७ प्रतिशत प्याज भारतबाट आयात हुन्छ । भारतको केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्रालयले विदेश व्यापार महानिर्देशनालयलाई अर्को आदेश नआएसम्म प्याज निर्यातमा प्रतिबन्ध लगाउन निर्देशन दिएको थियो ।

अहिले झापाका तरकारी बजारमा प्याज अभाव भएको र पाइए पनि अत्यन्तै महँगो मूल्य पर्ने उपभोक्ताहरुको भनाई छ । तर, व्यवसायीहरुले महँगो मूल्यमा खरिद गर्नुपरेकाले विक्रीमा मूल्य वृद्धि गर्नुपरेको बताएका छन् । केही महिना अघिसम्म प्रतिकेजी एकसय रुपैयाँमा बिक्री भएको प्याज अहिले एकसय ५० रुपैयाँ पुगेको छ । भारतमा प्याजको मूल्य बढ्दा त्यसको मारमा नेपाली उपभोक्ता परेका छन् ।

प्लान्ट क्वारेन्टाइन एवम् विषादी व्यवस्थापन केन्द्र क्वारेन्टाइन कार्यालय काँकरभिट्टाका अनुसार केही महिनादेखि पूर्वीनाकाबाट प्याजको आयात ठप्प छ । साउन र भदौ महिनामा काँकरभिट्टा नाका भएर ८५ लाख २० हजार रुपैयाँ मूल्य बराबरको दुई सय ८४ मेट्रिक टन प्याज आयात भए पनि त्यसपछिका महिनामा आयात शून्य रहेको कार्यालय प्रमुख वरिष्ठ वाली संरक्षण अधिकृत हर्षहाङ्ग राईले जानकारी दिए ।

यसअघि काँकरभिट्टा नाकाबाट मात्रै एक वर्षमा २५ करोड रुपैयाँ बराबरको प्याज नेपाल आयात हुने गरेको थियो । 'नेपालमा प्याजको माग अनुसार उत्पादन छैन' -कृषि प्राविधिक मुकेश चौधरीले भने- 'नेपालको उत्पादनले करिब छ महिना पनि पुग्दैन । नेपालमा उत्पादन नै छैन उत्पादन भएको प्याजले छ महिना पनि पुग्दैन अनि कसरी निर्यात होस् ।'

आयात घटाउने र निर्यात बृद्धि गर्ने उद्देश्यसहित २०६४ सालमा सरकारले झापासहित तराईका विभिन्न जिल्लामा प्याज विशेष कार्यक्रम सञ्चालनमा ल्याएको थियो ।

सरकारले ल्याएको प्याज विशेष कार्यक्रम असफल भएको छ । यसले आत्मनिर्भर अर्थतन्त्रको गफ हाँक्ने सरकारी असफलता पनि प्रष्ट गर्छ । प्याजको आयात घटाउँदै नेपाली प्याजलाई अन्तर्राष्ट्रिय बजारमा पुर्याउनका लागि तराईका झापा, सप्तरी, बारा, रुपन्देही, कपिलवस्तु, बाँके बर्दिया लगायतका जिल्लामा सरकारले प्याज विशेष मिसन ल्याएको थियो । योजना असफल भएपछि नेपाल प्याजका लागि समेत परनिर्भर बनेको छ । वितेको तीन आर्थिक वर्षमा पूर्वीनाका भएर हुने प्याजको निर्याप्त शून्य छ । । प्याज विशेष कार्यक्रम प्रभावकारी बनाउन नसक्दा प्याजका लागि अर्काको भरपर्नु परेको स्थानीय जानकारहरु बताउँछन् ।

सरकारी मिसनमा प्याजको भण्डारण गर्न 'स्टोरेज हाउस' निर्माण गर्ने समेत योजना थियो । पथलैया, बुटवल कोहलपुरमा 'भेन्टीलेटर प्याज' घर निर्माण गर्ने योजना मिसनमा भए पनि मिसनका कुनै पनि योजना पूरा नभएको तरकारी विकाश निर्देशनालय खुमलटारले जनाएको छ । सरकारको छनौटमा परेका स्थानहरुमा कतै पनि निर्माण कार्य शुरु नभएका कारण योजनाहरु अधुरै रहेपछि सरकारले कार्यक्रम बन्द गरेको हो । मिसनमा भएका योजनाहरु कार्यान्वयन गर्न नसक्दा मिसन प्रभावकारी बन्न नसकेको हो । सरकारले निक्कै महत्वका साथ यो कार्यक्रम ल्याएको थियो । उद्देश्य अनुरुप योजना सफल हुन सकेन र तीन वर्षअघि नै योजना बन्द भयो ।

प्याजखेती बृद्धि न्यून रुपमा हुनु, लक्षित जमिनको हेक्टर नपुग्नु र 'भेन्टीलेटर प्याज' घर निर्माणका लागि सम्बन्धित सहकारी संस्थाहरुलाई आह्वान गर्दा समेत खासै चासो नदेखाउनुले पनि उत्पादनमा घटेर निर्यात बढाउन नसकिएको सरकारी अधिकारीको भनाई छ । 'उत्पादन भएलगत्तै खपत गरिहाल्नु पर्छ नत्र कुहिने सडिने डर हुने भएकाले किसान हत्तपत्त व्यावसायिक प्याज खेतीमा नलाग्नु मुख्यः कारण' भएको कृषि प्राविधिक चौधरीको भनाई छ ।

प्याज भारतका विभिन्न प्रान्तबाट आयात हुने गरेको छ । कृषिमा आयाततर्फ कार्यालयले दुई सय रुपैयाँ आयात इजाजत दस्तुर र निर्याततर्फ एकसय रुपैयाँ निर्यात दस्तुर लिने गरेको छ । व्यापारीलाई प्याज आयात गरेवापत पाँच प्रतिशत कृषि शुल्क बाहेक सबै महसुल नेपाल सरकारले निःशुल्क गरेको मेची भन्सार कार्यालय काँकरभिट्टाले जनाएको छ ।

सरकारले छनौट गरेका सबै ठाउँमा निर्माण गर्ने योजना कागजमै मात्र सिमित भएका कारण पनि योजना असफल भएको सरोकारवालाहरुको भनाई छ । सम्बन्धित निकायको निष्क्रियताका कारण कार्यक्रम प्रभावकारी नबन्दा वर्षेनि नेपाली बजारले भारतबाट आयातित प्याजको भर पर्नु परेको छ । नेपालमा प्याज उत्पादन हुने भए पनि भण्डारणको व्यवस्था पर्याप्त नभएका कारण व्यवसायिक रुपमा प्याज खेतीप्रति किसानको आर्कषण घटेको किसानहरु बताउँछन् ।

# ब्रह्माकुमारी राजयोग चन्द्रगढीको रजत महोत्सव



**बिर्तामोड, मंसीर ३।** ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र चन्द्रगढीको रजत जयन्तीको अवसरमा सात दिवसीय विविध कार्यक्रम गरिएको छ ।

ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र नेपालकी निर्देशक राजयोगिनी ब्रह्माकुमारी राजदादीको अध्यक्षता तथा अनन्तश्री विभूषित नेपालकै प्रथम महिला जगत्गुरु शंकराचार्य हेमानन्द गिरीजी महाराजको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र चन्द्रगढीकी सञ्चालिका ब्रह्माकुमारी शान्ता दिदीले स्वागत गरेकी थिइन् ।

कार्यक्रमअघि विभिन्न झाँकीसहित शुरु भएको शान्ति पदयात्राले भद्रपुर नगरपालिका परिक्रमा गरेको थियो । कार्यक्रममा प्रदेश सांसद वशन्त बानियाँ, भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठ लगायतले सकारात्मक सोच निर्माण गर्दै आदर्शवान समाज निर्माण गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा 'विश्व एक परिवार हो' नामक नाटक प्रस्तुत गर्नुका साथै विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा अनन्तश्री विभूषित नेपालकै प्रथम महिला जगत्गुरु शंकराचार्य हेमानन्द गिरीजी महाराज र ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र नेपालकी निर्देशक राजयोगिनी ब्रह्माकुमारी राजदादीलाई अभिनन्दन गरिएको ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र बिर्तामोडकी सञ्चालिका ब्रह्माकुमारी पूर्णिमा दिदीले जानकारी दिइन् ।

रजत जयन्तीको अवसरमा मोटरसाइकल र्‍याली, तनाव मुक्त जीवनशैली, जीवन जिउने कला सम्बन्धी राजयोग शिविर, स्वास्थ्य जनचेतना कार्यक्रम, रक्तदान लगायतका कार्यक्रम गरिएको उनले बताइन् । कार्यक्रमको सञ्चालन ब्रह्माकुमारी कविता दिदी र रुक्मा दिदीले गरेका थिए ।

# दुर्घटना र डुबेर दुईको मृत्यु

**झापा, मंसीर ३।** सुनसरीको बराहक्षेत्र नगरपालिका-८ शुक्रबारे कोशी बाँधस्थितमा ट्र्याक्टर आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

बराहक्षेत्र नगरपालिका-६ नयाँबस्ती घर भएका सूर्यनारायण मण्डलले आफ्नो को २ त ५०२७ नम्बरको ट्र्याक्टर शुक्रबारेतर्फ जोत्न लैजादै गर्दा पल्टिएर दुर्घटना भएको थियो ।

दुर्घटनामा परेर चेपीएको अवस्थामा आफन्तले देख्नासाथ उपचारको लागी वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपा लगेकोमा उनको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

त्यसैगरी खोटाङको खोटेहाङ गाउँपालिका-७ रातामाटाका हिमाल राईको ३ बर्षीय छोरा साहिल राईको खोलामा डुबेर मृत्यु भएको छ । खेल्ने क्रममा घर नजिकै रहेको सावाखोलामा डुबेर उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय खोटाङ बजारले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# कुपोषण सम्बन्धी अभिमुखीकरण

**बुधबारे, मंसीर ३।** मेचीनगरको आम्दास्थित मलाहा टोलमा कुपोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

इष्ट होराइजन मावि कक्षा ९ का विद्यार्थीहरुले ब्रिटिस काउन्सीलद्वारा सञ्चालित इन्टरनेशनल स्कूल अवार्ड कार्यक्रम अन्तर्गत कुपोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको हो ।

आम्दाको मलाहा बस्तीका बासिन्दाहरुलाई कुपोषण कसरी हुन्छ यसबाट बच्नका लागि अपनाउनुपर्ने खानपान शैलीबारे विद्यार्थीहरुले जानकारी गराएका थिए । विद्यार्थीहरुले कुपोषण शीर्षकमा परियोजना चलाइरहँदा पिछडिएको मलाहा समुदाय माझ उक्त कार्यक्रम गरेका हुन् । आइएसए समन्वय शिक्षक नवीन दाहाल, प्लस टु कोअर्डिनेटर रेखा क्षेत्री र शिक्षक विकास ग्वालको र शिक्षक महेश खड्काको सहयोगमा विद्यार्थीहरुले उक्त कार्यक्रमको आयोजना गरेका थिए ।

कार्यक्रममा विद्यार्थीहरुले अण्डा, दूध र पाउरोटी लगायतका खाद्यान्न सामग्री वितरण गर्दै कुपोषणबाट बच्नका लागि उमेर अनुसार पौष्टिक आहारको आवश्यकता बारे जानकारी समेत गराएका थिए । आइएसए अन्तर्गत विद्यार्थीहरुले हाल १० वटा शीर्षकमा परियोजना चलाइरहेका र परियोजना गरिरहँदा विद्यार्थीहरुमा समुदाय प्रतिको चासो बढेको र जीवन उपयोगी शिक्षा हासिल गरिरहेको विद्यालयका प्रिन्सिपल सञ्जीव राईले बताए ।

सेफ्टी ट्याङ्की सफा गर्न परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६९७/९८०६०७०४१०/ ०२३-४४४३४४ अफिस सम्पर्क: ०२३-४६६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याङ्कीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८४२६४६००५

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल
बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश
*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*
- समयमै कर तिरी असल नागरिकको परिचय बनाऔं ।
- कुनैपनि व्यापार व्यवसाय, उद्योग धन्दा सञ्चालन गर्दा अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ता गरी प्रमाण पत्र लिऔं ।
- व्यवसायकर, घरबहाल कर लगायतका कर समयमा नै तिरेर स्थानीय क्षेत्रको विकासका लागि योगदान गरौं ।
- सार्वजनिक स्थल र सम्पत्तिको संरक्षण गरौ । सडक वरपर अनाधिकृत रुपमा अतिक्रमण नगरौं ।

निक्षेप उपरको हक दाबी सम्बन्धी ३५ दिने सूचना
(प्रकाशित मिति:२०७६/०७/२९)
यस बिकास बैंकको शाखा कार्यालय बनियानी, झापामा खाता भएको झापा जिल्ला साबिक बालुवाडी गा.बि.स./गा.पा./न.पा. वडा न. २ र हाल कचनकबल गा.बि.स./गा.पा./न.पा वडा न. ७ स्थत स्थायी बसोबास भएको श्री/श्रीमति देवीमाया घिमीरे नाममा यस शाखा कार्यालयमा बचत खाता न. ०५५०१४००७४४६४९००००००१ रहेको र निजको मिति २०७६/०७/२० मा मृत्यु भएकोले मिति २०७६/०७/२५ कचनकबल वडा न.०७ गा.बि.स./गा.पा./न.पा. मृत्यू दर्ता न. १०००९८ प्रमाणप्रत्र अनुसार निज देवीमाया घिमिरेको नाउँको खातामा इच्छाएको ब्यक्ति नभएकोले सोही गा.बि.स./गा.पा./न.पा. ऐ.ऐ. ठेगानामा बसोबास गर्ने उहाँको छोरा (नाता प्रमाणितको प्रमाणप्रत्रमा उल्लेख गरे बमोजिम) श्री/श्रीमती मदनकुमार घिमीरे स्थानीय गा.बि.स./गा.पा./न.पा. कार्यालयको सिफारिससहित देवीमाया घिमीरेको नाउँको यस बिकास बैंकमा माथि उल्लेखित शाखामा रहेको खाताको रकम पाउँ भनी आवश्यक कागजातसहित यस बिकास बैंकमा पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सूचना प्रकाशन भएको ३५ दिनभित्र यस बिकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजातसहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समयभित्र निबेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज निवेदक मदनकुमार घिमिरेलाई उल्लेखित व्यक्तिको खाताको रकम भुक्तानी भइजाने व्यहोराको लागि यो सूचना प्रकाशित गरिएको छ ।
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

सेक्युरिटी गार्डको आवश्यकता
पुरुष/महिला संख्याः २५
*सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम*
इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय अन्नपूर्ण चोक
बिर्तामोड, झापा
सम्पर्कः ०२३-५४५७८२
९८०६०६१७००, ९८४४६८६९७०
९८०६०७५६७८

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल
सँधियार नाममा जारी गरिएको सात दिने सूचना
साविक शनिश्चरे-७ हाल अर्जुनधारा नगरपालिका वडा नं. ११ बस्ने भविन्द्र मावोले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।
तपशिल
१) पूर्वतर्फ श्री दुर्गाप्रसाद सापकोटा २) पश्चिमतर्फ श्री बाटो
३) उत्तर तर्फ श्री भिम चौहान ४) दक्षिणतर्फ श्री सरिता श्रेष्ठ

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-११ | ४८९४ | ०-०-१० | | २०७६।०८।०३ | २०७६।०८।०४ |


कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी : Qatar Maid Service
पूर्व स्वीकृति मिति २०७६/०७/२१ | LT. No. 226784 | चलानी नं. ६०१४६०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 30 | 0 | 900 | २८,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

फाइनल अन्तरवार्ता यही मंसीर ४ गते सीपी होटल बिर्तामोडमा हुनेछ ।

| रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|
| हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैले | कामदार आफैले |

Green Tara International Overseas Services Pvt. Ltd.
Phone Number:-+9779815912512/9852674135
नोट: यस कम्पनीमा जाने व्यक्तिहरुले कतारको हमाद इन्टरनेशल एयरपोर्टमा काम गर्नुपर्ने भएकोले अंग्रेजी बोल्न सक्ने व्यक्तिहरुले सम्पर्क गर्नुहोला । १५ दिनभित्रमा उडिसक्नु पर्नेछ ।

securiguard Middle East
UAE मा PSBD Guard हरुलाई रोजगार
कम्पनी: Securiguard Middle East Llc, Abu Dhabi
पूर्व स्वीकृत मिति: २०७६/०३/३० पुन स्वीकृत मिति: २०७६/०७/२९ चलानी नं.: ६०७४१८२१ पूर्वचलानी नं.: ९८७ L.T. No.: 222241

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 181 | 0 | १० कक्षा दक्ष | 2000 | ६०,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो संग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ ।
फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट:
सि.पि. होटल, बिर्तामोड, झापामा मंसिर ९ गते (25 Nov. 2019 मा)
मेनपावर कार्यालय, काठमाडौमा मंसिर ९ र १० गते (25 & 26 Nov. 2019 मा) हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
SUNERA NEPAL INCORPORATED PVT. LTD.
Govt. Lic No.: 367/059/060
call - 9802774865, 9802070865, 9802777865
9852674865

securiguard Middle East
UAE मा PSBD Guard हरुलाई रोजगार
कम्पनी: Securiguard Middle East Llc, Abu Dhabi
पूर्व स्वीकृत मिति: २०७६/०८/०१ चलानी नं.: ६०१४६४२६ L.T. No.: 227241

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 350 | 0 | १० कक्षामा दक्ष | 2000 | ६२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो संग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ ।
फाईनल अन्तरवार्ता कम्पनिको प्रतिनिधिद्वारा वितामोडको होलिडे होटलमा मंसिर १७ र १८ गते हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
सन लाइट ह्युमन रिर्सोस प्रा.लि.
Lic No. 689/063/064
सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौ फोन ०१-४३८४८८
मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813




# विकासमा फड्को मार्दै बुद्धशान्ति-१

नारायण अर्याल

वर्तमान संघीय शासन व्यवस्थामा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको परिकल्पना नेपालको संविधानले गरेको छ । जस अनुरुप जनताको सबैभन्दा नजिकको स्थानीय सरकारको रुपमा गाउँपालिका रहेको छ । जनताका हरेक आवश्यकता नजिकबाट प्राप्त हुने गरी स्वायत्तताको उच्चतम अभ्यास तथा विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय शासनमा सक्रिय सहभागिता, उच्च जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व कायम गरी सेवा प्रवाहमा प्रभावकारीताको अपेक्षा गरिएको छ । विकास निर्माणका प्रक्रियालाई छिटोछरितो रुपमा जनअपेक्षाको सम्बोधन गर्ने ऐतिहासिक जिम्मेवारी स्थानीय सरकारको काँधमा छ । जनआकांक्षाको सम्बोधन गर्न विकास प्रक्रियालाई चुस्त र सेवा प्रवाहलाई छिटो-छरितो र प्रभावकारी बनाउन नीतिगत तथा व्यवहारिक अभ्यासहरु अगाडी बढिरहेका छन् । परिवर्तित सन्दर्भसँगै पुनर्संरचना गरिएको स्थानीय तह र स्थानीय तहमा जनप्रतिनिधीको उपस्थितीसँगै हरेक वडाका गाउँबस्ती विकास र समृद्धिको मार्गमा अग्रसर छ ।

यसै परिप्रेक्षमा स्थानीय क्षेत्रको विकास र समृद्धिमा अग्रसर गाउँपालिका मध्ये एक हो- बुद्धशान्ति गाउँपालिका । वि.सं.२०७३ सालमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सात सय ४४ स्थानीय तह लागू गर्दा झापा जिल्लामा साविकको बुधबारे र शान्तिनगर गाउँ विकास समितिहरूलाई बुद्धशान्ति गाउँपालिका बनाइएको हो । ७९ दशमलव ७८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो गाउँपालिका अन्तर्गतको वडा नम्बर १ विकास हुन नसकेको अतितबाट उठ्ने तरखरमा छ । साविक बुधबारे गाउँविकास समितिका १, ३ र ६ वडा समायोजन गरेर हालको बुद्धशान्ति गाउँपालिकाको वडा नम्बर १ भएको हो ।

मेची राजमार्गले समेत छोएको बुद्धशान्ति गाउँपालिकाको वडा नम्बर १ पूर्वमा बुद्धशान्तिकै ३ र ४, पश्चिममा अर्जुनधारा नगरपालिका, उत्तरमा इलामको रोङ गाउँपालिका र दक्षिणमा बुद्धशान्तिको २ र ३ नम्बर वडाले घेरिएको छ । ९ दशमलव ५८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस वडामा आठ हजार २३ जनसंख्या रहेको छ । यहाँका अधिकांश जनता कृषि पेशामा आश्रित छन् । यो वडा विशेषत: धानखेतीको लागि चिनिने गर्छ भने यहाँका कृषकहरु सुपारी, नरिवल, चिया, मकै, कागती लगायतका अन्नबाली साथै नगदेबाली उत्पादनमा संलग्न भएको पाइन्छ । हाल धेरै संख्यामा यस वडाका कृषकहरु गाई, कुखुरा, खसी, सुँगुर आदि जस्ता पशुपालनका माध्यमबाट आयआर्जन गर्ने गरेको पाइन्छ ।

बुद्धशान्ति गाउँपालिकाको यो वडा कार्यालय शहरीकरणलाई व्यवस्थित गरी आधुनिक शैलीको नगर व्यवस्थापन गर्न यहाँ रहेका आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा पर्यटन क्षेत्रको विकास तथा प्रबर्द्धन गर्न अग्रसर तथा उत्साहित रहेको देखिन्छ । यही हौसला तथा ऊर्जालाई बिकासको आधार मान्ने हो भने यो गाउँपालिकाले चाडै नै आधुनिक सहरको रुपमा काँचुली फेर्छ भन्ने बिश्वास वडाबासीको रहेको छ । स्थानीयले आफूले चुनेको जनप्रतिनिधिबाट गाउँमै सरकारी सेवा-सुविधा र अवसरहरु प्राप्त गर्दा विकास तथा समृद्धि साथै परिवर्तनको अनुभूति पनि गरिरहेका छन् ।

चुरे क्षेत्रसँग जोडिएको यस वडाका कतिपय स्थान र बस्तीहरु भौगोलिक रुपमा पनि असहज छन् । यस वडाको केन्द्र नजिकै बुधबारे बजार, स्वास्थ्य चौकी, प्रहरी चौकी र निजी तथा सामुदायिक विद्यालय र क्याम्पस समेत रहेका छन् । वडाभित्र सीता-रमेश क्याम्पस, बुद्धआर्दश उच्च मावि, त्रिभुवन मावि, नमूना आधारभूत विद्यालय र सरस्वती बालविकास लगायतका सामुदायिक विद्यालय तथा क्याम्पस सञ्चालनमा रहेका छन् ।

प्राकृतिक, सांस्कृतिक सुन्दरताले भरिएको यस वडामा निर्माणाधीन पिकनिक स्पर्ट, कृष्ण प्रणामी मन्दिर, गणेश मन्दिर, शिवालय मन्दिर, दुर्गा मन्दिर, पाथीभरा मन्दिर साथै चर्च, गुम्बा यस वडाका पहिचान हुन् । विविध जातजाति, धर्म, वर्ग, पेशा व्यवसाय भएका मानिसहरुको शान्तिपूर्णरुपमा धार्मिक सहिष्णुता कायम राख्दै आपसी मेलमिलाप तथा हातेमालो गरी बसोबास गरेको यस वडाका थुप्रै सम्भावनाहरु रहेका छन् ।

पहाडको चिसो सँगसँगै मधेशको शुरुवाती तापको सम्मिश्रण रहेको यो वडालाई अनुकूल वातावरण, प्राकृतिक सुन्दरता तथा धार्मिक सहिष्णुता भएकाले एक उपयुक्त पर्यटकीय गन्तव्य स्थलको रुपमा लिन सकिन्छ । यस वडाको दामामझुवाटारमा शहीद पार्कको निर्माण तीव्रगतिमा भइरहेको छ । यस क्षेत्रलाई पर्यटकीय स्थलमा रुपान्तरण गरी आन्तरिक तथा बाह्य पर्यटकको पहिलो रोजाईको स्थान बनाउने लक्ष्य राखिएको छ ।

स्थानीयको आर्थिक आयस्रोतलाई मजबुत बनाउँदै बिकास निर्माणमा फड्को मार्न कृषिको विकास, प्रबर्द्धनमा समेत स्थानीय सरकारको पहलकदमी जारी रहेको छ । धान, मकै, सुपारी, रबर, कागती लगायतका कृषिजन्य उत्पादन, प्रवर्द्धन साथै बजारीकरण गर्ने गरी गाउँमै रोजगारीको सिर्जना गर्न पनि वडा कार्यलय अग्रसर छ । यस वडामा रहेका विशाल बायो फर्म, नमूना कृषि फर्म, प्रगति कृषि फर्म, अँधेरी कृषि फर्म जस्ता कृषि उद्योगहरुलाई प्रोत्साहन गरी अन्य कृषकलाई त्यसतर्फ आकर्षित गर्न पनि वडा कार्यालयले कामअघि सारेको छ वडाध्यक्ष भीमकुमार नेवारले बताएका छन् ।

विशेष गरेर भौतिक पूर्वाधारको विकासले नै जनतालाई विकासको अनुभूति हुने भएकाले वडा कार्यालयले सडक, भवन, कल्भेट, पैनी लगायत क्षेत्रमा पनि काम तीव्र बनाएको छ । आर्थिक वर्ष २०७६/०७७ का लागि वडामा प्राप्त एक करोड छ लाख रुपैयाँको बजेट आधारभूत विकासका क्षेत्रमा खर्च गर्ने गरी बजेट तयार गरी अहिले कार्यान्वयनको चरणमा छ । बजेटले सडक, कल्भर्ट, विद्युत्, सिँचाईको विकास निर्माण सँगसँगै कृषि र शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

सडक तथा ह्युमपाइपका लागि वडाले २४ लाख ४० हजार रुपैयाँ छुट्याएर काम अगाडि बढाइएको छ । जसमा सडकका लागि १५ लाख ४० हजार, वडाका सडक ग्रेडर लगाउन तीन लाख र ह्युमपाइपका लागि छ लाख रुपैयाँ र कल्भर्ट निर्माणका लागि ११ लाख ८० हजार रुपैयाँ बजेट विनियोजन गरी कार्यान्वयन भइरहेको छ । त्यस्तै, विद्युत् पोल र तारका निम्ति सात लाख सिँचाइमा नौ लाख ५० हजार, सडक क्षेत्रका नाला निर्माणमा पनि नौ लाख ८० हजार, सामाजिक विकासका क्षेत्रमा ११ लाख २५ हजार रुपैयाँ, शिक्षामा पनि नौ लाख ८५ हजार रुपैयाँ विनियोजन गरी कार्यक्रम सञ्चालन गरिरहेको छ । त्यसैगरी मठमन्दिरको समग्र विकासका लागि छ लाख २० हजार र विपद् व्यवस्थापनका लागि चार लाख रुपैयाँ विनियोजन भएको वडा सचिव भीमकुमार प्रधानले बताए ।

लामो समय पश्चात स्थानीय तहमा जनप्रतिनिधिहरुको आगमनले जनतामा बिकासप्रति तीव्र आकांक्षा भए पनि शुरुवाती बर्षहरुमा संरचना मर्मत, स्तरवृद्धीमा ठूलो रकम खर्च गर्नुपरेपछि अपेक्षाकृत वडाको विकास हुन सकेन । तर, अब भने यस वडाले बिकासको गति लिइसकेको छ । विकास र समृद्धि कुनै एक निश्चित प्रक्रिया मात्र नभएर एउटा अभियान पनि हो । बुद्धशान्ति वडा नम्बर १ वडा कार्यालयले अघि सारेका योजना, लक्ष्य र कार्यक्रमहरुमा सम्पूर्ण वडाबासी, सरोकारवाला, प्रदेश तथा संघीय सरकार र सोही गाउँपालिकाले समेत सहयोग, सद्भाव र हातेमालो गरेको खण्डमा केही वर्षभित्र नै वडाले अर्थपूर्ण परिवर्तन गर्नेमा कुनै सन्देह छैन । प्राकतिक प्रकोप, बिरिङ्ग, हँडिया दामा क्षेत्रमा परेको असर न्यूनीकरण गर्न बाँध तथा पैनी व्यवस्थित पैनी निर्माण समेत वडाले गरेको छ । त्यस्तै वडा कार्यालय अन्तर्गत १ नं. वडा कार्यलयमा सहकारी रहेका छन् ।

## विपीनको नयाँ लुक्स



विशाल सापकोटाको डेब्यू निर्देशनमा तयार भएको फिल्म 'सेल्फी किङ'को प्रदर्शन मिति घोषणा गर्दै फस्टलुक पोस्टर सार्वजनिक गरिएको छ । आगामी माघ २४ गतेलाई प्रदर्शन मिति तय गर्दै सार्वजनिक गरिएको पोस्टरमा फिल्मका अभिनेता विपीन कार्की भिन्न लुक्समा देखिएका छन् । आँखामा गाजल र ओठमा रातो रंगको लिपिस्टिक लगाएका उनको कपाल निकै लामो देख्न सकिन्छ ।

उनको हुलियाबाट फिल्ममा विपिन हाँस्यकलाकारको भूमिकामा रहेको अनुमान गर्न गाह्रो पर्दैन । गम्भीर मुद्रामा देखिएका उनी कुनै स्टेज कार्यक्रम वा टेलिभिजन शोमा प्रस्तुति दिँदै गरेको भान हुन्छ । फिल्ममा विपीनले गोपाल दाहाल अर्थात् हाँस्यकलाकारको भूमिका निर्वाह गरेका छन् । एक चर्चित टेलिभिजन हाँस्य कलाकारको सफलता र व्यक्तिगत जीवनको कथा वाचन फिल्मले वाचन गर्छ ।

ड्रामेडी जनरामा निर्माण भएको 'सेल्फी किङ' मा विपीनका अलवा लक्ष्मी बर्देवा, भुवन चन्द, अभय बराल, लोकमणि सापकोटा, सविन बाँस्तोला, जीवन भट्टराई लगायतका कलाकारको अभिनय छ भने अभिनेत्री केकी अधिकारीले एक गीतमा ठुम्का लगाएकी छन् । फिल्ममा विपीन र लक्ष्मी श्रीमान्-श्रीमतीको भूमिकामा छन् । अभिनेत्री भुवनले विपीनको आमाको भूमिका निभाएकी छन् ।

गत वर्षको व्यवसायिक र समीक्षात्मक रूपमा सफल फिल्म 'प्रसाद' का निर्देशक दिनेश राउतले यही फिल्मका निर्माता सुवास थापासँग मिलेर 'सेल्फी किङ' निर्माण गरेका हुन् । फिल्ममा विशालकै लेखन, सुशन प्रजापतिको छायांकन, जीवन थापाको सम्पादन, सुवास भुषालको संगीत र निर्मल लामाको कोरियोग्राफी छ । फिल्मका सह-निर्माता राजेश बिसुराल र प्रबल कोइराला हुन् ।

इन्दै विन्ती गरुन् झुकेर पद्मा त्यो विन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो

# भावपूर्ण श्रद्धाञ्जलि/समवेदना

हाम्रा अनन्य मित्र बिर्तामोड-४ निवासी कमल पौडेलका कान्छा छोरा **सुशन पौडेल (बोध पौडेल)**को यही मिति २०७६ कात्तिक २८ गते बिहीबारका दिन भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत एवम् भावविह्वल बनाएको छ । दु:खको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै पुत्र/भाइ वियोगको पीडादायी क्षणमा रहनुभएका बुबा कमल पौडेल, आमा पुष्पा पौडेल, दाजु निशान पौडेल लगायत सम्पूर्ण पौडेल परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।



स्व. सुशन पौडेल (बोध पौडेल)
जन्म : २०४९ असोज ३ गते
निधन : २०७६ कात्तिक २८ गते

छविदाश वंशल
एलजी डिलर

प्रेमनारायण पोखरेल
सामसुङ डिलर

ओम खड्का
झरना सर्जिकल

सुशील अग्रवाल
विनायक इम्पेक्स

रोहित भट्टराई
करुणा अफसेट

जीवन सिटौला
कोशी ग्यास

समुन्नत सहकारी संस्था लि. परिवार
बिर्तामोड-५, झापा

पशुपति पेपर सप्लायर्स

ॐ धनवन्तरी आयुर्वेद

बिर्तामोड, झापा